# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परीक्षण भन्नाले मानिसमा निहित विभिन्न गुणहरुलाई विभिन्न मापन उपकरणहरुको प्रयोग गरी परिमाण निकाल्ने प्रक्रिया भन्ने बुझिन्छ । परीक्षणहरुको अत्याधिक विकास बीसौं शताब्दीमा र बिशेष गरी संयुक्त राज्य अमेरीकामा भएता पनि यसको प्रारम्भिक विकास चीनमा भएको पाईन्छ । इतिहासमा उल्लेख भए अनुसार आजभन्दा चार हजार बर्ष पहिले चीनको प्रशासनिक सेवामा  परीक्षणको उपभोग भएको पाईन्छ । त्यस बेला प्रत्येक ३-३ बर्षमा प्रशासनिक सेवामा कार्य गर्ने कर्मचारीको मौखिक परीक्षा गरिने र त्यसको आधारमा मूल्याङ्कन र पदोन्नति गरिने ब्यवस्था रहेको तथ्य इतिहासमा उल्लेख गरिएको छ । हान् साम्राज्य (इ.पू.२२० देखि २०७) मा समूह परीक्षा एक प्रचलित परीक्षा विधि थियो । जसमा प्रशासनिक कर्मचारीहरुको छनौटको लागि न्याय र कानुन , सैनिक क्षेत्र, कृषि, कर तथा भूगोलसंग सम्बन्धित प्रश्नहरु समावेश गरेर परीक्षा लिईन्थ्यो (वाग्ले र अन्य,२०६३) ।

हान् साम्राज्य (इ.सं.१३६८-१६४४ ) मा प्रशासनिक सेवाको छनौटको लागि तीन तह अर्थात स्थानीय, क्षेत्रीय र केन्द्रिय तहमा विशेष रुपमा निर्माण गरिएको परीक्षा केन्द्र मार्फत परीक्षा लिने ब्यवस्था थियो । अन्तिम तहमा सफल हुनेलाई मात्र प्रशासनिक सेवामा भर्ना गरिन्थ्यो (कोइराला र अन्य, २०६३) ।

युरोपीय महादेशमा परीक्षण सेवाको विस्तारमा चीनीयाँ प्रभावको बिशेष भूमिका थियो । ब्रिटिस मिशनरीहरुको चीनियाँ परीक्षण प्रणाली बारेको ज्ञान संयुक्त अधिराज्यसम्म पुऱ्याए र सर्वप्रथम इष्ट इन्डिया कम्पनीको इ.सं. १८३२ मा बाह्यसेवाको लागि कर्मचारी  छनौट गर्न परीक्षणलाई प्रयोग गऱ्यो । यसको सफलताको पश्चात संयुक्त अधिराज्यले इ.सं. १८५५ देखि आन्तरिक सेवाको कर्मचारी छनौटमा पनि परीक्षणलाई प्रयोग गऱ्यो । यस प्रभावको  बिस्तार अन्य युरोपियन देश फ्रान्स, जर्मनीमा बिस्तारै बिस्तारै बढ्दै गयो । संयुक्त राज्य अमेरिकाको प्रशासनिक

सेवा आयोगले सर्वप्रथम १८८३ इ.सं. मा कर्मचारी छनौट गर्न परीक्षण प्रविधिलाई प्रयोग गरेको पाइन्छ । यसरी यूरोप र अमेरिकामा परीक्षणको विकासक्रमको थालनी भयो (ज.ब.रा. र अन्य, २०६३ ) ।

बि.सं.२००७ सालमा राणा शासनको अन्त्यपछि अन्तरिम सरकार गठन भयो । त्यसबेला नेपालको साक्षरता २ प्रतिशत मात्र थियो । त्यसपछि खुलेका विद्यालयहरुको

उचित व्यवस्थापन र प्रजातान्त्रिक भावनाको स्थायित्वका लागि बि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो ।

बि.सं.२०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यसले देश भरी एउटै शिक्षा पद्धति लागु गर्ने , निशुल्क र अनिवार्य प्राथमिक शिक्षा नीति लागु गर्ने , सम्पूर्ण शिक्षण संस्थाहरु सरकारी नियन्त्रणमा राख्न र शिक्षण संस्थाहरु सरकारी नियन्त्रणमा राख्नलाई शिक्षा व्यवहार विधि तथा शिक्षा ऐनको मस्यौदा समेत प्रस्तावित गर्‍यो । यसले विद्यार्थीको मूल्याङ्कन नियमित र निरन्तर हुनुपर्ने कुरामा जोड दियो । जसको फलस्वरुप बि.सं.२०२२ सालमा शिक्षा विभाग अन्तरगत परीक्षा सुधार युनिट गठन भयो (सेरिड १९९८) ।

ढकाल (२०६२) ले प्रस्तुत गर्नुभएको उदारकक्षोन्नति तथा वार्षिक परीक्षा प्रणालीको प्रभावकारीताको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्रका अनुसार शिक्षा प्रणालीमा रहेका समस्या र कमी-कमजोरीहरुलाई हटाउन राष्ट्रिय शिक्षा पद्धति २०२८ ले प्राथमिक शिक्षाको उद्देश्य र नीति निर्धारण गरी राष्ट्रलाई बढी जागरुक र क्रियासिल हुने दिशामा अग्रसर हुँदै शिक्षामा समानताको सिद्धान्त लागु गर्न ठूलो प्रयास भयो । यसको साथै शिक्षामा ठूलो धनरासी लगाई राष्ट्रको विकासको निमित्त अत्यावश्यक दक्ष मानव संसाधनलाई बलियो पार्न लगानी गरे अनुरुप उपयोग गर्ने सिद्धान्त सर्वप्रथम यसै शिक्षा योजनाले अपनाएको थियो । (नेपालमा प्रथमिक शिक्षा २०५४) यसै योजनाले शिक्षाको अवसर सबैलाई दिनका लागि सिकाउने प्रत्येक पाठको अन्त्यमा एकाई परीक्षा गर्ने , प्रत्येक ३-३ महिनामा प्रगतिको मूल्याङ्कन गर्ने , शिक्षकले प्रत्येक विद्यार्थीको प्रगति विवरण राख्नु पर्ने , प्रश्न वैज्ञानिक तथा स्तरयुक्त बनाउनु पर्ने र प्राथमिक शिक्षाको अन्त्यमा जिल्ला शिक्षा कार्यालयको टोलीले गरेको परीक्षाको

आधारमा विद्यार्थीलाई अर्को तहमा प्रवेश दिने जस्ता परीक्षा सम्बन्धी सुधारको व्यवस्था गरियो।

परीक्षा भनेको कुनै निश्चित अवधिभित्र के कति उपलब्धि हाँसिल भयो भनेर नाप गर्ने मूल्याङ्कनको एक साधन हो । परियोजना अनुसार पाठको अन्त्यमा सोधिने प्रश्नहरु एकाई अध्ययन अध्यापन पछि एकाईको अन्त्यमा लिईने परीक्षा, शैक्षिक सत्रको अन्त्यमा लिईने बार्षिक परीक्षा, अध्यापक निर्मित परीक्षा, स्तरयुक्त परीक्षा आदि परीक्षाका उदाहरणहरु हुन् । यस बाहेक गृहकार्य , कक्षा क्रियाकलाप, अवलोकन आदिलाई पनि परीक्षाका रुपमा लिन सकिन्छ । परीक्षा उद्देश्य र उपलब्धी मापन गर्ने एक साधन हो । यो बारम्बार र नियमित चल्ने प्रक्रिया नभई कहिलेकाँही मात्र हुने सामाजिक कार्यक्रम हो । परीक्षामा विद्यार्थीले आफ्ना उपलब्धी र क्षमताको प्रदर्शन गर्दछन् तर आफ्ना गल्ती र कमजोरी पहिल्याउन सक्दैनन् अर्थात आफ्ना गल्ती र कमजोरी सुधार गर्ने मौका परीक्षामा हुँदैन । आफ्ना गल्ती र कमजोरी सुधार गर्ने मौका त मूल्याङ्कनले मात्र दिन्छ ।

हाम्रो देशमा मूल्याङ्कनका साधनहरु मध्ये परीक्षा नै ब्यापक र निरन्तर भई रहेको पाईन्छ । नेपालमा विद्यार्थीको शैक्षिक उपलब्धीको लेखाजोखा गर्ने प्रमाणिक आधार पनि परीक्षालाई नै लिइने गरेको छ । तर शैक्षिक उपलब्धीको लेखाजोखा गर्ने काम मूल्याङ्कनको हो । वास्तवमा परीक्षा भनेको कुनै निश्चित अवधिभित्र शिक्षण सिकाईमा के कति उपलब्धि हाँसिल भए भनेर नाप गर्ने साधन हो । परीक्षालाई उपलब्धि परीक्षा , योग्यता परीक्षा, ब्यक्तित्व परीक्षा, रुची तथा प्रवृति परीक्षा आदि रुपमा सञ्चालन गर्न सकिन्छ । तर पनि शिक्षण सिकाईबाट प्राप्त उपलब्धीको मापन गर्ने उपलब्धी परीक्षा सबैतिर प्रयोग हुन सक्ने भएकाले उपलब्धी परीक्षा नै बढी सञ्चालित भएको पाईन्छ ।

निर्माणको आधारमा अध्यापक निर्मित र स्तरयुक्त गरी परीक्षा दुई प्रकारका हुन्छन् । सम्बन्धित बिषय शिक्षकले आफैं प्रश्न बनाई निर्धारित शैक्षिक उपलब्धी हाँसिल भए भएनन् भनी निर्णय गर्न र विद्यार्थीलाई कक्षा चढ्न दिने नदिने निर्णय गर्न तथा शैक्षिक र ब्यावसायिक पथप्रदर्शन गर्न , शिक्षकलाई आत्ममूलाङ्कन गरी शिक्षण क्रियाकलापमा सुधार गर्न जस्ता कार्यमा शिक्षक / अध्यापक निर्मित परीक्षाको प्रयोग

हुन्छ । यस्तो खालको परीक्षा पाठ्यक्रमको स्थानिय आवश्यकता अनुसार विशिष्ट शैक्षिक उद्देश्यमा आधारित सिमित बिषयबस्तुको परीक्षा लिन सञ्चालन गरिन्छ । स्तरयुक्त परीक्षामा विद्यालय बाहिरका शिक्षासंग सम्बधित विभिन्न संस्थाहरुले सञ्चालन गर्दछन् । यस परीक्षामा विभिन्न्न प्रकारका विशेषज्ञहरु द्वारा प्रश्न तयार गरी सञ्चालन गरिन्छ । यस्तो परीक्षामा राष्ट्रिय, क्षेत्रीय र जिल्ला स्तरीय मानकसंग तुलना गरिन्छ । जिल्ला स्तरीय टेष्ट र राष्ट्रिय स्तरको एस.एल.सी. परीक्षा यसका उदाहरण हुन् । शिक्षक निर्मित परीक्षाको तुलनामा स्तरयुक्त परीक्षा ब्यापक हुनुका साथै ठूलो समूहमा विशेष रुपले तयार गरेर सञ्चालन गर्ने गरिन्छ (ढकाल,२०६२) ।

नेपालका सामुदायिक विद्यालयहरुमा शिक्षाका राष्ट्रिय उद्देश्यहरु , प्रत्येक तहका तहगत उद्देश्य र पाठ्क्रममा निर्धारित विषयगत सिकाई उपलब्धीहरु हाँसिल गर्ने उद्देश्यले शिक्षा दिईन्छ । निश्चित समयका लागि निर्धारित सिकाई उपलब्धी हाँसिल भए भएनन् भनी नाप गर्नको लागि प्रत्येक कक्षामा शिक्षक निर्मित परीक्षाहरु प्रथम त्रैमासिक, दोश्रो त्रैमासिक र बार्षिक गरी बर्षमा ३ वटा परीक्षा सञ्चालन गर्ने गरिएको छ । वर्तमान शिक्षाको संरचना अनुसार आधारभूत तह (कक्षा ८ ) को अन्त्यमा जिल्ला स्तरिय र एस. एल.सी परीक्षा राष्ट्रिय स्तरमा स्तरयुक्त परीक्षाका रुपमा सञ्चालित छन् (ऐ.) ।

मा.वि.प्र.अ.हरुका लागि तालिम पुस्तिका (२०६५) मा उल्लेख भए अनुसार एउटा कुशल प्रधानाध्यापक / शिक्षक हुनका लागि मूल्याङ्कन र परीक्षा सम्बन्धी स्पष्ट अवधारणा हुनु जरुरी छ । त्यसै गरी परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने परिपाटीलाई ब्यवस्थित, विश्वासनिय तुल्याउनु आवश्यक ज्ञान र सीप हुनु अपरिहार्य छ । त्यसै पुस्तिकामा निरन्तर मूल्याङ्कन पद्धतिका बारेमा यसरी उल्लेख गरिएको छ । सार्वजनिक परीक्षा प्रणालीको माध्यमबाट लिईएका परीक्षाहरुमा विद्यार्थीहरुले प्राप्त गरेका नतिजाले उनीहरुको समग्र ब्यक्तित्वको मूल्याङ्कन गर्ने कुरामा विस्वस्त हुन सकिदैन भन्ने विषयमा सामान्यत : सबैको सहमति रहेको पाईन्छ । निश्चित समयमा ब्यक्तिका विकासका विविध पाटाहरु खुलेका हुन्छन् र उनीहरुले हाँसिल गरेका उपलब्धीहरु विभिन्न समयमा अलग अलग ढंगले मुखरित भई रहेका हुन्छन् , जसलाई वाह्य परीक्षा प्रणालीबाट समेट्न सकिंदैन । तसर्थ निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा

अघि सारिएको हो । शैक्षिक क्रियाकलापका साथै ब्यक्तिको ब्यक्तित्वका समग्र पाटाहरुलाई समेट्ने गरी निरन्तर रुपमा गरिरहने मूल्याङ्कनको परिपाटीलाई नै निरन्तर मूल्याङ्कन प्रणाली भनिन्छ (ऐ) ।

समय समयमा विभिन्न शिक्षा प्रणाली सम्बन्धी सुधार ,आयोगहरुले दिएको सुझाव तथा प्रतिवेदन अनुसार विद्यालय तहको संरचना ,पाठ्यक्रम तथा परीक्षा प्रणालीमा संसोधन एवं परिमार्जन हुँदै आएको छ । हाल सामुदायिक विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्था प्राथमिक तह ( कक्षा १-५ ) मा लागु भएको छ । प्रश्न वैज्ञानिक तथा स्तरयुक्त बनाउन समय समयमा शिक्षकहरु लाई तालिमको ब्यवस्था प.नि.का. तथा शैक्षिक जनशक्ति विकास केन्द्रले गरेका छन् । उपरोक्त सम्पूर्ण प्रयासहरु नेपालको परीक्षा प्रणालीको प्रभावकारिता बृद्धि गर्न गरिएका प्रयासहरु हुन् ।

## १.२ समस्याको कथन

आधारभूत तथा प्राथमिक शिक्षा लागु भएपछि श्रोतकेन्द्रहरु स्थापना भएका छन् । थाईलैण्डको जोम्टीनमा (सन् १९९०) सबैका लागि शिक्षा विषयक विश्व सम्मेलन भएपछि नेपालमा पनि सबैका लागि शिक्षा कार्यक्रम सञ्चालित छ । सन् १९९० मा थाईलैण्डमा भएको जोम्टीन सम्मेलनले सन् २००० सम्ममा "सबैका लागि शिक्षा" यो कार्यक्रम लागु भएपछि शिक्षा लिनबाट बञ्चित वालवालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन शैक्षिक गुणस्तरलाई उकास्नुका अतिरिक्त त्यस कार्यका निम्ति नियमहरु लागु गर्न र श्रोतकेन्द्र स्तरमा शैक्षिक कार्यक्रमहरुमा एकरुपता ल्याउन प्रत्येक विद्यालयले बार्षिक कार्य तालिका निर्माण गर्नु पर्ने व्यवस्था छ ।  बार्षिक कार्य तालिका अनुसार सकेसम्म आफ्नो श्रोतकेन्द्रमा एकै समयमा परीक्षा सञ्चालन गर्नुपर्ने ब्यवस्था अवलम्बन गरिएको छ ।

सन् १९९० मा थाईलैण्डमा भएको जोम्टीन सम्मेलनले सन् २००० सम्ममा सबैका लागि शिक्षा भन्ने प्रतिवद्धता गरे अनुसार उक्त प्रतिवद्धतालाई साकार तुल्याउन नेपालमा प्राथमिक शिक्षाका कार्यक्रमलाई बढीसे बढी प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्यले प्राथमिक शिक्षा परियोजनालाई आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका

रुपमा २०४९/५० देखि सञ्चालन गरियो । आधरभूत तथा प्राथमिक शिक्षाको सुरुवात भएपछि स्रोतकेन्द्रहरु स्थापना भएका छन् र सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याएका छन् । यो कार्यक्रम लागु भएपछि शिक्षा लिनबाट बञ्चित वालवालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन शैक्षिक गुणस्तरलाई उकास्नुका अतिरिक्त उक्त कार्यका नीति नियमहरु लागु गर्न र स्रोतकेन्द्र स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा एक रुपता ल्याउन प्रत्येक विद्यालयले बार्षिक कार्य तालिका निर्माण गर्नु पर्ने व्यवस्था छ । बार्षिक कार्य तालिका अनुसार सकेसम्म आफ्नो स्रोतकेन्द्रमा बर्ष भरिमा सञ्चालन हुने तीनवटै परीक्षाहरु एकै समयमा सञ्चालन गर्नु पर्ने व्यवस्था अवलम्बन गरिएको छ ।

स्रोतकेन्द्र भित्रका सम्पूर्ण विद्यालयहरुमा सञ्चालन हुने परीक्षाहरुमा एकरुपता हुनु पर्ने व्यबस्था भएको भएता पनि कतिपय विद्यालयहरुले आफ्नो विद्यालयमा निर्माण भएको बार्षिक कार्य तालिकाको परीक्षा कार्यक्रमलाई समेत ख्याल नगरी आफू खुसी परीक्षाहरु सञ्चानल गर्ने गरेको पाईन्छ । कुनै विद्यालयले बर्षमा दुई पटक मात्र परीक्षा सञ्चालन गर्ने, कुनै विद्यालयले बर्षमा तीन पटक परीक्षा सञ्चालन गरे पनि आफ्नै अनुकुलता अनुसार सञ्चालन गर्ने, स्रोतकेन्द्र स्तरमा निर्धारित समय तालिका ख्याल नगर्ने, स्रोतकेन्द्र भित्रकै केही विद्यालयहरु मिलेर एउटै प्रश्नपत्र र एउटै समय तालिकामा परीक्षा सञ्चालन गर्ने गरिएको पाईएको छ । जसका कारण सामुदायिक विद्यालयहरुमा सञ्चालन हुने परीक्षा प्रणालीमा विविधता रहेको देखिन्छ ।

निर्धारित शैक्षिक उद्देश्य हाँसिल गर्न राखिएका विषयगत र बस्तुगत ज्ञान, सीप तथा व्यवहारिक प्रवृति के कति प्राप्त भएको छ भनी परीक्षा लिने गरिन्छ । अधिकांश शिक्षक, अभिभावकहरु बाट विभिन्न बन्द तथा हड्तालहरुले परीक्षा समय तालिकामा असर पारेको अभिब्यक्ति दिने गरेको पाईन्छ । प्रश्नपत्र निर्माण तथा बनावटमा एकरुपता नहुनु , ज्ञान, सीप अभिवृत्ति पक्षको  सही प्रतिनिधित्व गर्न नसक्नु, पूर्णाङ्क भार मेल नखानु ,उपयूक्त प्रश्नपत्र(अक्षरका साईज ,विद्यार्थीको उमेर तथा कक्षा अनुसारका ) हरु निर्माण हुन नसक्नु , शिक्षा ऐन नियमावलीले तोके अनुसारका परीक्षाहरु सञ्चालन नहुनु , सबै शिक्षकहरुले विशिष्टिकरण तालिका , पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग नगर्नु , परीक्षा सञ्चालन प्रक्रिया व्यवस्थित नहुनु, का

साथै विद्यालय पिच्छे विविधता हुनु जस्ता यावत समस्याहरु रहेका छन् । परीक्षाको सही र राम्रो व्यवस्थापन हुन नसकेकाले सिङ्गो श्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको मूल्याङ्कन कार्य प्रभावित भएकोछ ।

## १.३ अध्ययनको औचित्य

गुणस्तर जो आफैमा विवादित छ । गुणस्तर मापन केन्द्र बनेको परीक्षा नियन्त्रण कार्यालयको गुणस्तरको चर्चा हर बर्ष जोडतोडले चल्ने गर्दछ । कहिले प्रथम श्रेणीमा प्रथम कसलाई गराउने भन्ने विवाद, कहिले परीक्षण नगरिएका उत्तर पुस्तिकाहरु जिरामरिच पसलमा फेला परेका विषयहरु लाई लिएर , कहिले परीक्षा नदिएका विषयम अङ्क पाउने त परीक्षा दिएकै विषयहरुको अङ्क हराउने भएर, कहिले मार्कसिटमा १८ पायो तर पूनर्योगमा ८१ आयो भनेर, यी केही मात्र नमुना हुन् कार्यालयका गुणस्तरका कुरा । परीक्षा नियन्त्रण कार्यालय सानोठिमी विद्यालय तहको शिक्षाको गुणस्तर चिन्ह प्रदान गर्ने एक मात्र निकाय हो । हुन त विद्यालयको गुणस्तर विद्यालयको पठनपाठनमा भन्दा परीक्षा नियन्त्रण कार्यालयको अनुकम्पामा भर पर्दछ । यदी उसले चाह्यो भने आन्दोलन आदिका कारण विद्यालय बन्द भई कम भन्दा कम दिन पढाई भएको बर्ष शिक्षाको गुणस्तर ह्वात्तै बढाई दिन्छ । गएको बर्षको ६४ प्रतिशत यसको एउटा उदाहरण हो ।

मूल्याङ्कन पद्धतिको प्रत्यक्ष असर तत्कालै अभिभावकहरुलाई पर्दछ  र यसको असर विद्यार्थीहरुको भावी जीवनमा पनि । तसर्थ यस प्रक्रियामा यी दुबैको सकारात्मक एवं सक्रिय सहभागिता अपरिहार्य छ । मूल्याङ्कन गरेर मात्र पुग्दैन त्यसलाई प्रमाणीकरण गरी अभिभावक, विद्यार्थीसम्म पुऱ्याउने र उनीहरुको पृष्ठपोषण लिने चक्र पूरा गर्नु पर्छ । परीक्षा र मूल्याङ्कन सम्वेदनसिल विषय भएकाले यसलाई विश्वासनिय र मान्य तुल्याउनु अत्यन्त जरुरी  छ ।  मूल्याङ्कन वा परीक्षाको उद्देश्य विद्यार्थीको सिकाईमा मद्दत पुऱ्याउनु हो (तालिम पुस्तिका २०६५)।

सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको बारेमा विभिन्न पक्षबाट प्रश्नहरु उठ्ने गरेका छन् तर पनि यस विषयमा अध्ययन अनुसन्धान कार्य ज्यादै कम मात्र

भएको देखिन्छ । आजको परिस्थितिमा परीक्षा प्रणालीलाई सबै तिरबाट अत्यन्त महत्वका साथ हेरिन्छ  त्यसकारण यसमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ । परीक्षा प्रणालीलाई समय सान्दर्भिक बनाउन के गर्नु पर्छ भन्ने बारेमा चासो राख्ने विज्ञहरुलाई यस अध्ययनले आवश्यक पृष्ठपोषण प्रदान गर्न सहयोग पुऱ्याउछ । सम्पूर्ण सरोकारवालाहरु, प्र.अ.,शिक्षक , विद्यार्थी, अभिभावक र शिक्षासंग सम्वन्धित विभिन्न संघ संस्थाहरुलाई परीक्षा प्रणालीमा देखिएका समस्याहरुको समाधान गर्न, यसमा सुधार गरी उच्चतम उपलब्धी हाँसिल गराउन आवश्यक सुझावहरु दिन सहयोग पुग्ने देखिन्छ । सामुदायिक विद्यालयहरुको वर्तमान परीक्षा प्रणालीको अवस्था के कस्तो छ ? यसका सवल र कमजोर पक्षहरु के के रहेका छन् ? पत्ता लगाउन यो अध्ययन आवश्यक रहेको छ । हालसम्म सामुदायिक विद्यालयमा मूल्याङ्कनको एक मात्र साधनको रुपमा परीक्षालाई उपयोग गरिएको अवस्था विद्यमान छ । परीक्षा प्रणालीका बारेमा समय समयमा विभिन्न विवादहरु पनि हुने गरेका छन् । साथै परीक्षाबाट प्राप्त उपलब्धीको आधारमा सामुदायिक विद्यालयहरु प्रतिको दृष्टिकोण सम्पूर्ण पक्षबाट तयार गरिने गरेको छ । शिक्षाको अभिन्न अंग र  मूल्याङ्कनको प्रमुख अंगको रुपमा परीक्षा रहेको हुनाले सामुदायिक विद्यालयहरुको परीक्षा प्रणाली समसामयिक विषय हो

नेपालमा  मूल्याङ्कनका लागि अपनाईने प्रमुख साधन परीक्षा हो र प्रभावकारी परीक्षाको लागि विद्यमान पाठ्क्रमका उद्देश्य अनुरुप प्रश्नपत्रहरु निर्माण गरिनु पर्छ । तसर्थ विद्यालयहरुमा प्रश्नपत्रहरु पाठ्क्रममा निर्धारित उद्देश्य  अनुरुप छन् वा छैनन् ? प्रश्नपत्र निर्मार्ण प्रक्रिया कस्तो छ ? परीक्षा सञ्चालन प्रक्रिया कस्तो छ ? उत्तर कुञ्जिका निर्माण हुन्छ हुदैन ?प्रश्न निर्माण विशिष्टिकरण तालिकाका आधारमा भएको छ वा छैन ? बाह्य परीक्षाको माध्यमबाट मात्र  मूल्याङ्कन गर्दा र निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गर्दा प्राप्त उपलब्धीमा फरक भएको छ वा छैन ? यी प्रश्नहरुको उत्तर खोजीको लागि अध्ययन आवश्यक देखिन्छ । तर हाल सम्म नेपालका विद्यालयहरुमा परीक्षामा प्रयोग भएका प्रश्नपत्रहरुको विश्लेषण गर्ने परिपाटी विकास भएको पाइँदैन । प्रश्न निर्माण प्रक्रिया प्रभावकारी बनाउन पृष्ठपोषण प्रदान गर्न, प्रश्नहरु संसोधन र गुणस्तरीय बनाउन साथै परीक्षा प्रणालीलाई सही तरिकाले

ब्यवस्थापन गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउन र सुझाव समेत दिनसक्ने भएकोले यस अध्ययनको महत्व छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको उद्देश्यहरु निम्न  प्रकार छन् :

(क) सामुदायिक विद्यालयको परीक्षा प्रणालीको वर्तमान अवस्थाको विश्लेषण गर्नु ।

(ख) सामुदायिक विद्यालयको परीक्षा प्रणालीमा देखिएका समस्याहरु केलाउनु ।

(ग) परीक्षा प्रणालीलाई प्रभावकारी वनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यो अध्ययन सम्पन्न गर्नका लागि निम्नानुसार अनुसन्धानात्मक प्रश्न निर्माण गरिएको छ :

१.सामुदायिक विद्यालयको परीक्षा प्रणाली कस्तो छ ?

२.सामुदायिक विद्यालयको परीक्षा प्रणालीमा के कस्तो अवस्था छ ?

३..सामुदायिक विद्यालयको परीक्षा प्रणालीमा के कस्ता समस्या छन् ?

३.सामुदायिक विद्यालयको परीक्षा प्रणालीमा देखिएका समस्याहरुलाई कसरी समाधान गर्न  सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धान कर्ताको सिमित साधन, श्रोत,समय र अन्य बाध्यताको कारण "सामुदायिक विद्यालयको  परीक्षा प्रणाली" विषयमा गरिएको यो अनुसन्धानको क्षेत्र ब्यापक भएता पनि यसलाई  तेह्रथुम जिल्लाका ३२ गा.वि.स. मध्ये २ गा.वि.स., २ गा.वि.स.मा रहेको १ वटा स्रोत केन्द्र, उक्त स्रोतकेन्द्रका कुनै ३ वटा विद्यालयहरुमा सिमित गरिएको छ ।

यस अध्यायनलाई २०६७/२०६८को परिक्षामा मात्र सिमित गरिएको छ । यस अध्यायनलाई प्राथामिक तहको कक्षा १–५सम्मको परीक्षामा मात्र सिमित गरिएको छ ।

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

विगतमा भएका कार्यहरुको लेखाजोखा गरी वर्तमानको लागि कार्य तर्जुमा गर्नु बढी सान्दर्भिक हुन्छ । विगतको अध्ययनले वर्तमानलाई मार्गनिर्देशन समेत गर्दछ । सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले अध्ययन अनुसन्धानसंग मिल्ने वा अध्ययन अनुसन्धान कार्यलाई सहयोग पुग्ने खालका साहित्यको अध्ययन भन्ने बुझिन्छ ।

अध्ययन अनुसन्धानसंग सम्बधित पुस्तक,पत्रिका ,लेख रचना,अनुसन्धानात्मक प्रतिवेदनहरुको अध्ययनबाट आफ्नो अध्ययनलाई अगाडी बढाउँदा अध्ययनको उद्देश्य परिपुर्ति गर्न र अध्ययनको निचोड निकाल्न सहयोग गर्दछन् । यस शोध शीर्षकलाई प्रभावकारी बनाउन शीर्षकसंग सम्बन्धित उपलब्ध भएका अनुसन्धानमुलक साहित्यको अध्ययन गरिने छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कोईराला( *२०६७* )द्वारा प्रस्तुत निरन्तर मूल्याङ्कन प्रणालीले सिकाई उपलब्धीमा पारेको प्रभाव शीर्षकको शोध पत्रका उद्देश्यहरु प्राथमिक तह (१-३) को वर्तमान मूल्याङ्कन प्रणालीको आवश्यकता पहिचान गर्ने , विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोगको अध्ययन गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोगको विश्लेषण गर्ने,निरन्तर विद्यार्थी मूल्याङ्कनले सिकाई उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने , निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरु सुझाउने रहेका छन् । यस शोध पत्रमा संकलित तथ्याङ्कहरुको विश्लेषणात्मक निष्कर्ष निकालिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीले गरेको प्रगतिको नियमित लेखाजोखा गर्ने परिपाटी हो । यो एउटा अनौपचारिक पद्धति हो । जसमा विभिन्न विधि र साधनहरु अपनाईन्छ । यो हरेक शिक्षण सिकाई क्रियाकलापसंगै

आवश्यकता अनुसार नियमित रुपमा सञ्चालन गरिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुधारात्मक उद्देश्यका लागि अपनाईन्छ । यो मूल्याङ्कन प्रणाली विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय भन्दा पनि प्रभावकारी शिक्षण सिकाईका लागि पृष्ठपोषण दिन उपयोग गरिन्छ ।हाम्रो देशका विद्यालयहरुमा सामान्यतया परीक्षालाई मूल्याङ्कनको निर्विकल्प साधनको रुपमा लिने गरेको पाईन्छ । वास्तवमा परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरु मध्येको एउटा साधन मात्र हो तर हाम्रो शिक्षण प्रक्रिया परीक्षा मुखी छ । विद्यालयमा त्रैमासिक, अर्धबार्षिक र बार्षिक परीक्षाद्वारा विद्यार्थीको मूल्याङ्कन गर्ने परिपाटी रहेको छ । वास्तवमा परीक्षा भनेको कुनै निश्चित अवधि भित्र शिक्षण सिकाईमा के कति उपलब्धि हाँसिल भयो भनेर मापन गर्ने साधन मात्र हो भने मूल्याङ्कन भनेको समग्र शैक्षिक  कार्यक्रमको  लेखाजोखा गर्नु हो । हाम्रो देशमा विद्यार्थी मूल्याङ्कन विद्यार्थीलाई माथिल्लो कक्षामा चढाउने कि नचढाउने निर्णय लिनुभन्दा पनि प्रभावकारी शिक्षण सिकाईमा उपभोग गरेर विद्यालयहरुमा पाठ्यक्रमले तोकेका सिकाई उपलब्धीहरु हाँसिल गराउँने तर्फ उन्मुख गराउँनु पर्ने स्थिति छ । एउटा वालकको सम्पूर्ण पक्षको मूल्याङ्कनका लागि उसलाई प्रत्यक्ष र नियमित रुपमा अवलोकन, मूल्याङ्कन गर्नु पर्ने हुन्छ ।

निरन्तर मूल्याङ्कन प्रणाली वर्तमान अवस्थामा एउटा महत्वपूर्ण मूल्याङ्कन तरिकाको रुपमा प्रयोगमा ल्याईएको छ । विशेषतः कक्षा १-३ मा यसै मूल्याङ्कनका आधारमा कक्षा चढाउने कि नचढाउने निर्णय गर्नुका साथ साथै विद्यार्थीहरुको सुधारका लागि आवश्यक सहयोग समेत गर्न यसै मूल्याङ्कन प्रणालीलाई आधार लिईन्छ । त्यसकारण यो मूल्याङ्कन प्रणाली हाल निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कनको साधनको रुपमा समेत विकास भै सकेको छ । सामुदायिक विद्यालयको परीक्षा प्रणालीभन्दा बाहिर निरन्तर मूल्याङ्कन प्रणलीलाई राख्न नसकिने भएकोले यो परीक्षा प्रणालीसंग सम्बन्धित छ साथै परीक्षा प्रणालीको अवस्थालाई पुष्टि गर्न निरन्तर मूल्याङ्कन प्रणालीले सिकाई उपलब्धिमा पारेको  प्रभावलाई उजागर गर्नु समेत अनिवार्य रहेको छ (खापुङ, २०६८) ।

खापुङ (*२०६८*) द्वारा प्रस्तुत सामुदायिक विद्यालयहरुमा वर्तमान परीक्षा प्रणाली शीर्षकको शोध पत्रका उद्देश्यहरु सामुदायिक विद्यालयहरुमा परीक्षा सञ्चालन

प्रक्रियाको मूल्याङ्कन गर्नु, परीक्षाका लागि प्रश्न पत्र निर्माण प्रक्रिया र निर्मित प्रश्नपत्रहरुको अध्ययन एवं मूल्याङ्कन गर्नु,वर्तमान परीक्षा प्रणालीमा गरिनु पर्ने सुधारका उपायहरु बारे सुझाव दिनु रहेका छन् । यो अध्ययन व्याख्या विश्लेषण गरी गुणात्मक निष्कर्षमा पुऱ्याईएको छ । सामुदायिक विद्यालयहरुमा बर्तमान परीक्षा प्रणालीलाई विश्लेषण गर्दा निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नतीलाई ध्यान नदिई कलम र कागजी परीक्षालाई मूल्याङ्कनको आधार बनाईएको छ । निर्माणात्मक र निधानात्मक मूल्याङ्कनको बेवास्ता गर्दै निर्णयात्मक मूल्याङ्कनको  साधनका रुपमा मात्र परीक्षालाई प्रयोगमा ल्याईएको छ । प्रश्न पत्र निर्माण , प्रश्नको मूल्याङ्कन र उत्तर पुस्तिका परीक्षण, सम्परीक्षणको लागि दक्ष एवं तालिम प्राप्त शिक्षकको अभाव देखिएको छ । प्रश्न पत्र निर्माण गर्दा पाठ्यक्रमको ख्याल नगरी पाठ्यपुस्तकलाई प्रधान आधार मानिएको छ । परीक्षा सञ्चालन प्रक्रिया परम्परागत रहेको छ साथै परीक्षा सञ्चालन गर्ने स्थानको समेत अव्यवस्थित रहेको छ। परीक्षा परिणामको विश्लेषण र प्रयोग गर्ने  गरिएको छैन । यसरी परीक्षासंग सम्बन्धित विभिन्न समस्याहरु देखिएका छन् । प्रश्न पत्र निर्माण गर्दा पाठ्यक्रमलाई आधार मान्नुपर्ने , प्रश्न पत्रको मूल्याङ्कन र सुधार गर्नु पर्ने , उत्तर पुस्तिका परीक्षण र सम्परीक्षणका लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु पर्ने , परीक्षा परिणामको विश्लेषण र प्रयोग गर्न सुझवहरु दिन सकिन्छ (ऐ) ।

सामुदायिक  विद्यालयहरुमा वर्तमान परीक्षा प्रणाली शीर्षक यस अध्ययनको सामुदायिक विद्यालयहरको परीक्षा प्रणाली शीर्षकसंग मिल्ने रहेको छ । यस अध्ययनबाट सामुदायिक विद्यालयहरुको परीक्षा प्रणाली अन्तरगतका केही पक्षहरु प्रश्नपत्र निर्माण प्रक्रिया परीक्षा सञ्चालन प्रक्रिया ,उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण पक्रियाको बारेमा जानकारी प्रदान गरेको छ ।साथै वर्तमान परीक्षा प्रणालीमा गरिनु पर्ने सुधारका उपायहरु बारे सुझावहरु समेत दिईएको हुँदा परीक्षा प्रणालीका केही पक्ष समेटिएका छन्। जसले गर्दा सामुदायिक विद्यालयको परीक्षा प्रणाली शोध शीर्षकसंग सम्बधित रहेकोछ (ऐ.)।

ढकाल (२०६२) द्वारा प्रस्तुत उदारकक्षोन्नती तथा बार्षिक परीक्षा प्रणालीको तुलनात्मक अध्ययन शीर्षकको शोध पत्रका उद्देयहरु, उदारकक्षोन्नतीको लागु गर्नु

पर्नाका कारणहरु पहिचान गर्नु, बार्षिक परीक्षा प्रणालीबाट कक्षोन्नती गर्दा आईपर्ने समस्याहरु पहिचान गर्नु, बार्षिक परीक्षा प्रणालीबाट परीक्षार्थीहरुमा परेको प्रभावको अध्ययन गर्नु, उदारकक्षोन्नतीको प्रभावकारीताको अध्ययन गर्नु, बार्षिक परीक्षा प्रणाली र उदारकक्षोन्नतीबाट प्राप्त सिकाई उपलब्धीको तुलना गर्नु रहेका थिए । यस शोध पत्रमा संकलित तथ्याङ्कहरु विश्लेषणात्मक ढंगले निश्कर्षमा पुऱ्याईएको छ । वालवालिकाहरुले प्राप्त गरेका ज्ञान,सीपलाई परीक्षा प्रणालीमा भएका विविध समस्याहरुका साथै उनीहरुमा लेख्ने अभ्यासको कमी, परीक्षासंग डराउने, परीक्षा दिने तरिकाको ज्ञानको अभाव जस्ता कारणले लिखित रुपमा अभिब्यक्त गरी तोकिएको उतीर्णाङ्क प्राप्त गर्न सक्दैनन् । त्यस कारण बार्षिक परीक्षा प्रणालीलाई मात्र आधार मानेर कक्षोन्नती गर्ने हो भने धेरै विद्यार्थीहरु असफल हुने हुन्छन् । जसका कारण विद्यार्थीहरुमा मनोवैज्ञानिक रुपमा नै नकारात्मक प्रभाव पर्न सक्दछ र भविश्यमा पनि त्यसको असर रहिरहन सक्दछ । त्यस्तो प्रभाव वालवालिकाहरुमा कम परोस् भन्ने उद्देश्यले उदारकक्षोन्नतीको नीति ल्याईएको हो । उदारकक्षोन्नतीको प्रभाव विद्यार्थी, अभिभावक तथा शिक्षकहरुमा समेत सकारात्मक परेको पाईएको छ । साथै उदारकक्षोन्नती र बार्षिक परीक्षा प्रणालीबाट प्राप्त सिकाई उपलब्धीको तुलनात्मक अध्ययन गर्दा उदारकक्षोन्नतीबाट प्राप्त सिकाई उपलब्धी स्तर माथि रहेको देखिन्छ ।

उदारकक्षोन्नती तथा बार्षिक परीक्षा प्रणालीको तुलनात्मक अध्ययनले सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीका दुबै पक्ष निरन्तर मूल्याङ्कन प्रणाली र कलम कापीको माध्यमबाट सञ्चालित परीक्षा प्रणालीलाई समेटेको छ । यसको अध्ययनबाट सामुदायिक विद्यालयहरुको विद्यमान परीक्षाको पहिचान गर्न मद्दत पुग्ने, परीक्षा प्रणालीमा भएका समस्याहरु पत्ता लगाउन सहयोग पुग्ने साथै समस्याहरुको समाधान खोज्नलाई समेत सघाउ पुग्ने भएकोले यी आपसमा सम्बन्धित छन् ।

गुरागाँई (२०६७ )द्वारा प्रस्तुत उदारकक्षोन्नतीले सिकाई उपलब्धिमा पारेको प्रभाव शीर्षकको शोध पत्रका उद्देश्यहरु उदारकक्षोन्नती नीति लागु गर्नुका कारणहरुको पहिचान गर्नु, उदारकक्षोन्नतीले सिकाई उपलब्धीमा पारेको प्रभावको अध्ययन गर्नु , उदारकक्षोन्नती नीति लागु गर्दा देखिएका समस्याहरु र समाधानका उपायहरु पत्तालगाउनु रहेका छन् । यस अध्ययनलाई वर्णन ब्याख्या, विश्लेषण गरी गुणात्मक

निश्कर्षमा पुऱ्याईएको छ । यस शोध पत्रका अनुसार प्राथमिक विद्यालयको विद्यार्थीहरुको उपलब्धीको लेखाजोखाका निम्ति बार्षिक परीक्षाको अतिरिक्त मासिक परीक्षा, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, कक्षा कार्य,परियोजना कार्य र अभिलेख समेतलाई मूल्याङ्कनको आधार बनाउनु पर्छ । उदारकक्षोन्नती नीतिले सबैलाई उत्साहित गर्छ तर सावधानी पूर्वक निरन्तर मूल्याङ्कन प्रक्रियालाई अपनाई कक्षामा हुने शिक्षण सिकाईलाई प्रभावकारी रुपले अपनाउन नसकेमा अथवा नपढे पनि कक्षोन्नती हुन्छ भनेर नकारात्मक रुपमा लिईयो भने यसबाट ठूलो नोक्सानी हुने र भावी पिढीले आधारभूत कुरा समेत सिक्न नसकेर जग कमजोर भएको घर जस्तै अवस्थामा पुग्न सक्ने कुरा सहजै आँकलन गर्न सकिन्छ भन्ने कुरा प्रस्तुत गरिन्छ । विद्यार्थी मूल्याङ्कनमा शिक्षकको निरन्तर उपस्थितिको  महत्वपूर्ण भूमिका रहन्छ । तर एउटा अनुसन्धानले देखाए अनुसार शिक्षकको विद्यालयमा हुने अनुपस्थिति दर पनि निक्कै माथि रहेको देखिन्छ । शिक्षकको कक्षामा उपस्थिति कम भएमा ,जिम्वेवारी बोध नभएमा , के धरै झन्झट गर्ने भनेर विद्यार्थीको मूल्याङ्कन अध्यापन गरेको अनुसार नराख्ने , कार्य सञ्चयिका नबनाउने, सजिलाका लागि परम्परागत मूल्याङ्कन प्रणाली लागु गर्ने, अथवा अभिलेख राख्न र मूल्याङ्कन गर्न नजान्ने समेतको अवस्थाले कतिपय जिल्लामा शिक्षण सिकाई प्रक्रियालाई असर परिरहेको देखिन्छ । अर्को तर्फ हाम्रो निरिक्षण तथा अनुगमन प्रणालीको सुधार गर्नका लागि मद्दत गर्ने र कार्यान्वयनमा प्रभावकारिता ल्याउने अथवा पृष्ठपोषण दिने कार्य पर्याप्त मात्रामा भएको देखिदैन ।

उदारकक्षोन्नतीले सिकाई उपलब्धीमा पारेको प्रभाबका आधारमा परीक्षा प्रणालीलाई आवश्यक सुधार गर्न सहयोग पुग्दछ ।उदारकक्षोन्नती निर्णय लिने कार्य हो । निर्णय लिनको लागि विभिन्न मूल्याङ्कनका साधनहरुलाई उपयोग गरिएको हुन्छ । औपचारिक होस् अथवा अनौपचारिक होस् मूल्याङ्कनका साधनहरु एक अर्कामा अन्तर सम्बन्धित हुन्छन् । त्यस कारण  उदारकक्षोन्नतीले सिकाई उपलब्धीमा पारेको प्रभाव सामुदायिक  विद्यालयको परीक्षा प्रणालीसंग सम्बन्धित छ ।

सुवेदी ( *२०६७* )द्वारा प्रस्तुत प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन शीर्षकको शोध पत्रका उद्देश्यहरु सामुदायिक प्राथमिक विद्यालयहरुमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था पहिचान गर्ने, निरन्तर मूल्याङ्कन

प्रणाली कार्यान्वयनको पूर्वाधारहरु पत्ता लगाउने , प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन प्रक्रियाको विश्लेषण गर्नु, प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्नु रहेका छन् । यस शोध पत्रलाई संकलित तथ्याङ्कहरुको ब्याख्या विश्लेषण गरी निश्कर्ष निकालिएको छ । प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन शोध पत्रका अनुसार विद्यमान मूल्याङ्कन प्रणाली मुख्यतः परीक्षा प्रणालीमा निर्भर रहेको र त्यस्तो मूल्याङ्कन प्रणालीले विद्यार्थीहरुमा त्रास पैदा गरेको जसले गर्दा विद्यार्थीले बीचमा कक्षा छाड्ने दर, अनुतीर्ण दर, कक्षा दोहोऱ्याउने दर बढी हुने गरेको आदि समस्या रहेकाले यस स्थितिमा सुधार ल्याउने एउटा मुख्य कसी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली ठहर गरी शैक्षिक सत्र २०५६।०५७ देखि लागु गरेको देखिन्छ । यसरी बिद्यमान निरन्तर मूल्याङ्कन प्रणालीमा सुधारगरी विद्यार्थीहरुमा परीक्षाको भय न्यून गराई उपलब्धी दर बढाउन, विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई टिकाई राख्न , सहजै देखिने भर्ना दर र खुद भर्ना दरमा सन्तुलन कायम गर्न र कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी हुने भएकाले यसको लागु गर्नुपर्ने आवश्यकता देखिएको छ तर  निरन्तर मूल्याङ्कन प्रणाली लागु गरेको लामो समय बितिसक्दा पनि यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि अवश्यक पर्ने पूर्वाधारहरुको विकास हुन हालसम्म नसकेकोले कार्यान्वयन पक्रियामा विविधता रहेको छ । निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रभावकारी रुपमा गर्नको लागि ज्ञान, सीप, तालिम, व्यवस्थापन, अनुभव तथा निरीक्षण लगायत विभिन्न पक्षमा समस्या भएको देखिन्छ ।

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको साधनको रुपमा नै कार्यान्वयनमा ल्याई सकिएको हुँदा सामुदायिक प्राथमिक विद्यालयको परीक्षा प्रणाली यसबाट अलग हुन सक्दैन । यसको कार्यान्वयन प्रभावकारीता, यसको कार्यान्वयनका लागि तयार गरिएका पूर्वाधारहरु, यसको कार्यान्वयनको प्रक्रिया, यसको कार्यान्वयनमा देखिएका समस्याहरुले सिंगो प्राथमिक तहको परीक्षा प्रणालीलाई प्रभावित पार्ने भएकाले यो सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीसंग सम्बन्धित छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान गर्दा कुनै न कुनै सिद्धान्तमा आधारित भएर गर्नु पर्छ । सैद्धान्तिक ज्ञानलाई ब्यबहारमा के कसरी उतार्न सकिन्छ भन्नका लागि सम्बन्धित सिद्धान्तले सहयोग पुऱ्याउछ । शिक्षा एउटा सामाजिक प्रक्रिया भएकाले समाज विकासका सन्दर्भमा उदय भएका सिद्धान्तहरुले शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । मान्यता प्राप्त सिद्धान्तहरुको सहयोगबाट नै नयाँ समस्याहरुको समाधानको विकल्पहरु खोज्न सम्भव हुन्छ । यस अध्ययनमा निम्न सिद्धान्त समावेश गरी अनुसन्धान कार्य अगाडी बढाईएको छ ।

Taylor १९११ का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कला हो ।" यस सिद्धान्तले परम्परागत रुपमा चल्दै आएको भूल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलावद्ध ,वैज्ञानिक र तर्क संगत बनाउन सहयोग पुऱ्याएको छ । Taylor लाई तल्लो तहबाट माथिल्लो तहसम्म पुगेका आफ्नो अनुभव,कम्पनिमा गरेका कामहरु, व्यवस्थापनका पक्षहरु , कामदारको कार्य प्रगति र उत्साह, जागरुकता, अल्छिपना, कामदारको क्षमताको उपयोग र आकर्षण जस्ता कुराले प्रत्यक्ष रुपमा प्रभाव पारेको थियो । उनले आफ्नो वैज्ञानिक बिधि अन्तर्गत अवलोकन, मूल्याङ्कन ,परीक्षण र निचोड जस्ता तत्वहरुको समावेश गरेका छन् । Taylor को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैलिलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ । कामदारलाई आफैंले काम छान्ने परम्परा छोडी वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्छ । वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग , सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नु पर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धी हाँसिल गर्ने ढंगले परिचालन गर्नु पर्छ । वैज्ञानिक ढंगले ज्याला निर्धारण गर्नु पर्छ । कामको आधारमा ज्याला दिनु पर्छ । कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन गर्नु पर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्छ ।

यस सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण कार्य तथा कामदार उपयुक्त हुनुपर्ने र व्यवस्थापकले जिम्वेवारी लिनु पर्ने कुरामा जोड दिईएको छ। यस बिधिले कार्य सम्पादनमा द्रुतता बढाउने, दक्षता बढाउने,  सहयोग र उत्प्रेरणा प्रदान गर्दछ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार परम्परागत परीक्षा प्रणालीलाई सुधार गरी वैज्ञानिक बिधि अपनाउनु पर्छ। परीक्षाका प्रश्नहरु निर्माण गर्न शिक्षकहरुलाई तालिमको व्यबस्था गर्नु पर्ने साथै प्रश्न पत्र मूल्याङ्कन समितिमा दक्ष एवं अनुभवी शिक्षकहरु छनौट गर्नु, परीक्षा सञ्चालनमा विद्यालयका प्र.अ. शिक्षक तथा कर्मचारी बीच आपसी सहयोग, घनिष्ट सम्बन्ध र सामञ्जस्यता स्थापित गरी वैज्ञानिक ढंगबाट सञ्चालन गर्न मद्दत पुऱ्याउछ।  प्र.अ. र शिक्षक तथा कर्मचारीहरुको स्पष्ट कार्य विभाजन गरी आ-आफ्नो जिम्वेवारी पूरा गर्न र तोकिएको जिम्वेवारी कर्तव्यनिष्ट भएर पूरा गर्ने शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कार दिएर थप उत्प्रेरित गर्न सहयोग पुऱ्याउँछ। साथै प्र.अ.ले आफ्नो र आफ्ना शिक्षक तथा कर्मचारीहरुलाई उनीहरुको कार्य दक्षताका आधारमा परीक्षा सम्बन्धि सम्पूर्ण कार्य सञ्चालन गर्न जिम्मेवारीको बाँडफाँड गरी परीक्षा प्रणालीलाई  समय सापेक्ष र वैज्ञानिक ढंगले अगाडी बढाउन सहयोग पुऱ्याउछ। अर्थात परीक्षा प्रणालीमा देखिएका समस्याहरुको पहिचान गरी वैज्ञानिक ढंगले ती समस्याहरुको समाधान गर्न समेत उपयोगी छ। त्यसकारण वैज्ञानिक व्यवस्थापनको सिद्धान्त सामुदायिक विद्यालयको परीक्षा प्रणालीको अध्ययनलाई पूरा गर्न सैद्धान्तिक ढांचा भएको छ।

क्रोनव्याच (१९६३) का स्रोतअनुसार, विकाशकर्तालाई मूल्यङ्कनवाट अधिक उपयोगिता प्राप्त गर्नु छ भने उनिहरुले विकाशकार्यको क्रममा निर्णय प्रक्रियामा जोड दिनु पर्छ अथवा पाठ्यक्रमको उद्देश्य कति प्राप्त भए भन्दापनि निर्णयकर्ता को हो ? कस्ता खालका निर्णयहरु तिनीहरुले अपनाउँछन्। भन्ने स्पष्ट हुनु पर्छ। जव पठ्यक्रमको विकाश गर्ने कार्य गरिन्छ त्यस अवस्थामा उक्त पाठ्यक्रम वा कोर्सको कुन पक्षमा कुन तरिकावाट परिमार्जन र सुधार गरिदै छ भन्ने कुराका जोड दिनु पर्छ। त्यस्तै यदि नयाँ पठ्यक्रम विकाशकर्ताले  अधिक उपयोगिता प्राप्त गर्नु छ भने मूल्याङ्कनले उक्त कोर्स वा पाठ्यक्रमको तुलनात्मक अध्यानभन्दा प्राप्ती गर्ने गुणहरुको

अध्यायनमा जोड दिनु पर्छ । क्रोनव्याच का महत्वपूर्ण योगदान का रुपमा सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन, व्यवसाईक र अव्यवसाईक मूल्यङ्कन लक्ष्य र उद्देश्यको गुण्स्तर प्रति ध्यानाकर्षण ,मूल्याङ्कनको लक्ष्य र भूमिका मूल्याङ्कन अध्यायन र प्रक्रिया अध्यायन , तुलनात्मक र तुलनाविहिन मूल्याङ्कन , आन्तरिक र प्रभाव मूल्याङ्कन , शुद्ध प्रभाव मूल्याङ्कन को सम्भाव्यत्ता , लक्ष सापेक्ष र निरपेक्ष मूल्याङ्कन ,उन्नत मूल्याङ्कन वारे व्यवहारीक सुझावहरु , कार्य विश्लेषण विधि हुन् ।

मूलत : कारण र प्रभाव विचको सम्वन्ध पत्ता लगाउन Experimental / Quasi Experimental विधिहरुको प्रयोग गरिन्छ ।प्रयोगात्मक विधिमा पूर्ण नियन्त्रित अवस्थाका कारण र प्रभाव को अध्यायन गर्ने बैज्ञानिक विधि हुनाले सामुदायिक विद्यालयको परिक्षा प्रणालीको अध्यायन पूरा गर्न यो सैद्धान्तीक ढाँचा रहेको छ । ( खनाल २०६५मा उद्रित)

## २.३ पूनरावलोकनको उपदेयता

कुनै पनि विषयबस्तु घटना सम्बन्धि अध्ययन अनुसन्धानको लागि पहिले नै विश्वब्यापीरुपमा स्थापित भएको सिद्धान्तहरु र सम्बन्धित विभिन्न पूर्व साहित्यलाई आधार मानेर कुनै पनि अध्ययन अनुसन्धान गर्दा अनुसन्धानले मूर्त रुप लिन सक्छ । यहाँ सामुदायिक विद्यालयहरुको परीक्षा प्रणाली शीर्षकमा शोध कार्य गरिएको छ ।

वास्तवमा आर्थिक एवं सामाजिक रुपान्तरणको आधारशिला शिक्षा हो । शिक्षा प्राप्त गर्ने औपचारिक थलो विद्यालय हो । विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप सफल तथा प्रभावकारी बनाउँन परीक्षा प्रणालीको पनि महत्वपूर्ण स्थान छ । शिक्षाको उद्देश्य पूरागर्न विद्यालयमा सञ्चालन गरिने सम्पूर्ण कृयाकलापहरु मध्ये प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तर-पुस्तिका परीक्षण जस्ता क्रियाकलापहरु सही ढंगले गर्न सके मात्र शिक्षाको उद्देश्य पूरा हुन्छ । यस्ता क्रियाकलापहरुलाई सफल बनाउन विद्यालयमा कार्यरत प्र.अ. ,शिक्षक तथा कर्मचारी, श्रोतब्यक्ति आ-आफ्नो कार्य प्रति प्रेरित हुन आवश्यक छ । यस शोध कार्यले सम्बन्धित सम्पूर्ण पक्षलाई आ-आफ्नो जिम्वेवारी गहनताकाका साथ पूरा गर्ने तर्फ उत्प्रेरित गरी सफलता प्राप्त गर्न उपयोगी सावित हुनेछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अनुसन्धान गुणत्मक र परिमाणात्मक दुबै अनुसन्धानात्मक ढाँचामा आधारित छ ।त्यसैले यसलाई मिश्रीत ढाँचाको रुपमा लिईएको छ।

## ३.२. अध्ययनको जनसंख्या

यो अध्ययन कार्य तेह्रथुम जिल्लाको श्री भगवती उ.मा.वि. ओखे स्रोतकेन्द्र अन्तरगतका १४ वटा विद्यालयका प्र.अ.हरु , शिक्षकहरु,विद्यार्थीहरु, स्रोतब्यक्ति, परीक्षा समितिका संयोजक तथा सदस्यहरु र प्रश्नपत्र मूल्याङ्कन समितिका सदस्यहरुलाई यस अध्ययनको जनसंख्या को रुपमा लिईएको छ ।

## ३.३.नमुनाको आकार र छनौट विधि

जनसंख्याको आकार भित्र परेका ओखे स्रोतकेन्द्र अन्तर्गतका जम्मा ३ वटा विद्यालयहरु , उक्त स्रोतकेन्द्रका स्रोतब्यक्ति १ जना , स्रोतकेन्द्र स्तरीय परीक्षा समितिका संयोजक १ जना , परीक्षा समितिका सदस्यहरु ३ जना, प्रश्नपत्र मूल्याङ्कन समितिका सदस्यहरु २ जना, प्र.अ.हरु ३ जना तथा शिक्षकहरु ६ जनालाई जनसंख्याको रुपमा लिईएको छ । स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमध्ये मा.वि. १ वटा, नि.मा.वि.१वटा, र प्रा.वि.१ वटा छनौट गरिएको छ साथै तिनै विद्यालयहरुका अनुभवी एवं समस्यासँग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका सबै तहको प्रतिनिधित्व हुनेगरी शिक्षक तथा परीक्षा समितिका सदस्यहरु नमुनाको रुपमा छनैट गरिएको छ । नमुना छनौट गर्दा उद्धश्य मुलक नमुना छनौट विधिको सहयोगले नमुना आकार निर्धारण गरिरहेको छ । अनुसन्धान कार्यको लागि आवश्यक पर्ने तथ्याङ्क

संकलनका लागि छनैट गरिएको नमुना अनुसन्धानकर्ताको सुगमता ,कार्यक्षेत्र स्थल ,भौगोलिक विविधता ,आर्थिक मितव्ययीता ,तथ्याङ्कको भरपर्दो विश्वासनियता र वैद्यता,जातिय तथा क्षेत्रीय अवस्था ,लिङ्गिय अवस्था सवैलाई आधार वनाईएको छ ।

## ३.४ अध्ययनका साधनहरु

शैक्षिक अनुसन्धानलाई निश्कर्षमा पुऱ्याउन निश्चित साधनहरुको आवश्यकता पर्दछ । यो शोध पत्र तयार गर्नको लागि विश्वासनिय, भरपर्दो र उपयुक्त सूचना तथा तथ्याङ्कहरु संकलन गर्न निम्नानुसारका अनुसन्धान साधनहरु प्रयोगमा ल्याईएको छ ।

### (क) **अन्तर्वार्ता**

अध्ययनको लागि छनौट भएको नमुना जनसंख्या भित्रका प्र.अ., श्रोतब्यक्ति,परीक्षा समिति संयोजक तथा सदस्यहरु, प्रश्नपत्र मूल्याङ्कन समितिका सदस्यहरु, शिक्षकहरुलाई मौखिक रुपमा सम्बन्धित विषयहरुका प्रश्नहरु सोधी तथ्याङ्क संकलन गरिएको छ । साथै लिखित रुपमा प्रश्नावली निर्माण गरी सूचना, तथ्याङ्कहरु संकलन गरिएको छ । प्रश्नावली भर्नु भराउनु अगावै सम्बन्धित विषयबस्तुको परिचय समेत गराईएको छ । सूचना, तथ्याङ्क संकलनको लागि प्रयोग गर्न तयार गरिएका प्रश्नावली अनुसूचिमा प्रस्तुत गरिएको छ ।

### (ख) **लक्षित समुह छलफल**

नमुना छनौटमा परेका जनसंख्या  भित्रका प्र.अ., स्रोत ब्यक्ति, परीक्षा समितिका संयोजक तथा सदस्यहरु , प्रश्न मूल्याङ्कन समितिका संयोजक तथा सदस्यहरु, शिक्षकहरु, विद्यार्थीहरु साथै परीक्षासंग सम्बन्धित सरोकरवालाहरुलाई एकै ठाउँमा राखी परीक्षा प्रणलीको अवस्था , परीक्षा प्रणालीका विभिन्न पक्षमा देखिएका समस्याहरु , ती समस्या समाधानका लागि आवश्यक सुझावहरुका बारेमा सामुहिक छलफलद्वारा निचोड निकाल्ने कार्य गरी उत्त निचोड तथ्याङ्कको रुपमा संकलन गरियो ।

(ग)**अभिलेख अध्ययन**

अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयहरुको परीक्षा लब्धाङ्क तालिका,श्रोतकेन्द्र स्तरिय परीक्षा समितिको बैठक पुस्तिका, प्रश्नपत्र बैंक आदिको अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका श्रोतहरु

अध्ययनमा प्रयोग गरिएको जनसंख्याबाट नमुना छनौट गरी छनौट भएको जनसंख्याबाट सबै क्षेत्रको प्रतिनिधित्व गराउने प्रयास गरिएको छ । नमुना छनौटको क्रममा उद्देश्यमूलक नमुना छनौट विधिलाई प्रमुख आधार मानिएको छ । नमुनामा परेका ओखे  श्रोतकेन्द्र अन्तर्गतका ३ वटा विद्यालयहरुबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा प्राथमिक र माध्यमिक तथ्याङ्कलाई श्रोतको रुपमा लिईएको छ ।

### ३.५.१ प्राथमिक श्रोत

अनुसन्धान कर्ता स्वयं अध्ययन क्षेत्रमा गई प्रत्यक्ष रुपमा नमुना जनसंख्यासंग छलफल, भेटघाट, अन्तवार्ता, प्रश्नावलीको प्रयोग गरी संकलन गरिएको तथ्याङ्कलाई प्राथमिक श्रोत भनिन्छ  (न्यौपाने २०५८) ।

यस अध्ययनमा तथ्याङ्क संकलनको लागि छनौट गरिएको नमुना जनसंख्यामा गर्ने श्रोत व्यक्तिहरु , प्र.अ.हरु, शिक्षकहरु, परीक्षा समितिका संयोजक तथा सदस्यहरु प्रश्नपत्र मूल्याङ्कन समितिका सदस्यहरु र विद्यार्थीहरुलाई प्राथमिक श्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.५.२ द्वितीय श्रोत

अनुसन्धानकर्ताले विभिन्न पत्रपत्रिका,पुस्तक, बुलेटिन, अभिलेख आदिबाट अध्ययनसंग सम्बन्धित विषयमा संकलित सूचना तथ्याङ्कलाई द्वितीय श्रोत भनिन्छ ( न्यौपाने २०५८) ।

यस अध्ययनमा तथ्याङ्क संकलनको लागि परीक्षा लब्धाङ्क अभिलेख, परीक्षा समितिको बैठक पुस्तिका, प्रश्नपत्र बैंकहरु, परीक्षासंग सम्बन्धित बुलेटिन, शैक्षिक प्रतिवेदनहरु, शैक्षिक रचनाहरु, पत्रपत्रिका साथै विभिन्न पुस्तकहरुबाट प्राप्त सूचना, तथ्याङ्कहरुलाई द्धितीय श्रोतको रुपमा लिईएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धान कर्ताले अध्ययनको लागि छनौट भएको नमुना जनसंख्यासंग प्रत्यक्ष भेटघाट तथा आवश्यकता अनुसार टेलिफोन सम्पर्कको माध्यमबाट अन्तर्वार्ता , प्रश्नावली, छलफलबाट साथै विषयसंग सम्बन्धित बिभिन्न पत्रपत्रिका, बुलेटिन, पुस्तक, लेखरचना, अभिलेख, बैठक पुस्तिकाको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्कका लागि छनौट भएका विद्यालय तथा श्रोतकेन्द्रबाट प्राप्त भएका परिमाणात्मक र गुणात्मक तथ्याङ्कलाई प्रयोगमा ल्याईएको छ । तथ्याङ्कलाई तालिका, प्रतिशत तथा आवश्यकता अनुसार रेखाचित्र आदिको माध्यमबाट प्रष्ट पारिएको छ । तोकिएका ब्यक्तिहरुलाई प्रश्नावली भराई प्राप्त भएको तथ्याङ्कको स्वरुप र प्रकृति अनुसार सकेसम्म सबैले जानकारी लिन सक्ने गरी ब्याख्या विश्लेषण गरी समस्याको समाधान गरिएको छ । यो अध्ययन कार्य तुलनात्मक रुपमा ब्याख्यात्मक र बर्णनात्मक प्रकृतिको भएकोले ब्याख्या र बर्णनतिर नै जोड दिई निश्कर्ष निकालिएको छ ।

# परिच्छेद चार
# नतिजा विश्लेषण

अनुसन्धान प्रक्रिया विभिन्न साधन विधि र प्रविधिहरुको उपयोग गरी तथ्याङ्क संकलन गरिन्छ । कोरा तथ्याङ्कहरुबाट अनुसन्धानका प्रश्नहरुको उत्तर प्राप्त गर्न र प्रभावकारी सामान्यीकरण गर्न सकिदैन किनकी संकलित तथ्याङ्कहरु व्यवस्थित हुँदैन । जसले गर्दा तुलनात्मक अध्ययन गर्न कठिन हुन्छ । विभिन्न प्रकारका तथ्याङ्क शास्त्रीय प्रक्रियाको प्रयोग गरी अध्ययन गर्न पनि संकलित तथ्याङ्कहरु उपयुक्त  हुँदैन । त्यसैले जवसम्म प्राप्त तथ्याङ्कलाई प्रभावकारी ढंगवाट विश्लेषण र प्रस्तुति गरिदैन तवसम्म प्राप्त सूचनाहरुको बिचलनको कारण प्रभाव सम्बन्धको अध्ययन गर्न सकिदैन । अनुसन्धानको प्रमुख उद्देश्य नयाँ ज्ञान र सिद्धान्तको विकास गर्नु हो । यसका लागि दुई वा दुई भन्दा बढी चरहरु बीचको शास्त्रीय सम्बन्ध अध्ययन गर्नु पर्छ । यस कार्यमा विभिन्न प्रकारका तथ्याङ्क विधि उपयोग गर्नु आवश्यक हुन्छ । जसको लागि उपयुक्त र प्रक्रिया संगत ढंगबाट तथ्याङ्कहरुलाई संगठित गर्नु,  तथ्याङ्कलाई बोल्न सक्ने बनाउने कार्य नै विश्लेषण हो । साथै तिनलाई उचित प्रक्रिया अपनाएर अध्ययन गर्न सक्ने रुपमा प्रस्तुत गर्नु तथ्याङ्कको प्रस्तुति हो (खनाल २०६३) ।

यस अध्ययनमा सामुदायिक विद्यालयहरुको वर्तमान परीक्षा प्रणाली कस्तो छ ? पहिचान गर्नका लागि प्रश्नपत्र निर्माण प्रक्रिया, परीक्षा सञ्चालन प्रक्रिया, उत्तरपुस्तिका परीक्षण प्रक्रिया कस्तो छ? निरन्तरमूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था कस्तो छ ? यी कुराहरुले विद्यार्थीको शैक्षिक उपलब्धी स्तरमा कस्तो प्रभाव पारेको छ ? परीक्षा प्रणालीमा के कस्ता समस्या रहेका छन्? ती समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ? यस्ता पक्षहरुसंग सम्वन्धित भएर छलफल,अन्तरवार्ता, प्रश्नावली, अवलोकनबाट सूचना तथा तथ्याङ्कहरु संकलन गरी तथ्याङ्कबाट प्राप्त नतिजालाई विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ४.१ परीक्षा प्रणालीको वर्तमान अवस्थाको विश्लेषण

सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको वर्तमान अवस्थाको अध्ययन गर्नको लागि तेह्रथुम जिल्लाको श्री भगवती उच्च मा.वि.ओखे स्रोतकेन्द्र, यस अन्तरगतका तीन वटा विद्यालयहरु श्री मच्छिन्द्र मा.वि. सुदाप, श्री सारदा नि.मा.वि.ओखे-४ र श्री भगवती प्रा.वि. ओखे-२ बाट प्राथमिक तह -कक्षा (१-५ ) को परीक्षा प्रणालीसंग सम्बन्धित विभिन्न पक्षबाट संकलित तथ्याङ्कको नतिजा विश्लेषण तथा प्रस्तुति गर्ने प्रयास गरिएको छ ।

### ४.१.१. प्रश्न निर्माण

स्रोतकेन्द्र स्तरमा परीक्षाहरु सञ्चालन गर्नको लागि यस श्री भगवती उ.मा.वि. ओखे स्रोतकेन्द्रमा ७ सदस्यिय परीक्षा समिति र बढी भन्दा बढी विषयहरुसंग परिचित विज्ञ एवं अनुभवि शिक्षकहरुको प्रतिनिधित्व भएको ५ सदस्यिय प्रश्नपत्र मूल्याङ्कन समिति गठन भएको छ । प्रत्येक विद्यालयमा प्रत्येक बर्ष प्रथम त्रैमासिक, दोश्रो त्रैमासिक र बार्षिक गरी जम्मा ३ पटक परीक्षा सञ्चालन हुने भए पनि यस स्रोतकेन्द्र स्तरमा प्रथम त्रैमासिक परीक्षा विद्यालयका सम्बन्धित विषय शिक्षकहरुले आ-आफ्नै तरिकाबाट प्रश्न निर्माण गर्ने गरिएको छ ।दोश्रो त्रैमासिक र वार्षिक परीक्षा स्रोतकेन्द्र स्तरिय हुने गरेको छ। जसका लागि स्रोतकेन्द्र स्तरिय परीक्षा समिति र प्र.अ.हरुको संयुक्त बैठक बसी परीक्षा कार्यक्रमको तयार गरीसकेपछि सोही समितिले स्रोतकेन्द्र भित्रका विभिन्न विद्यालयका शिक्षकहरुलाई विषयगत रुपमा प्रश्न निर्माणको जिम्मा दिइन्छ र शिक्षकहरुबाट निर्धारित समयमा प्रश्न निर्माण गरी परीक्षा समितिमा बुझाउने गरिन्छ ।

### ४.१.२ प्रश्नको मूल्याङ्कन

स्रोतकेन्द्र स्तरिय परीक्षा सञ्चालनका लागि आवश्यक प्रश्नहरु निर्माणको जिम्मा पाएका शिक्षकहरुबाट परीक्षा समितिमा प्रश्नहरु बुझाउने कार्य पश्चात परीक्षा समितिले प्रश्न मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि दिने व्यवस्था रहेको छ । प्रश्न

मूल्याङ्कन समितिबाट आवश्यक जाँच एवं मूल्याङ्कन गरी अन्तिम रुप दिएपछि प्रश्न छपाईको लागि योग्य हुन्छन् । त्यसपछि छपाई कार्य गर्ने व्यवस्था गरिएको छ ।

### ४.१.३ प्रश्न पत्रको वितरण

प्रश्नपत्र छपाईको जिम्मा लिएका परीक्षा समितिका सदस्यहरु वा स्रोतकेन्द्र भित्रका शिक्षकहरुले छपाईको कार्य पूरागरी स्रोतकेन्द्रमा प्रश्नपत्रहरु ल्याई सकेपछि स्रोतकेन्द्र स्तरका सबै विद्यालयहरुका प्र.अ.तथा शिक्षकहरुको उपस्थितिमा प्रश्नपत्र वितरण गर्ने ब्यवस्था गरिएको छ ।

नमुना छनौटमा परेका विद्यालयमा विद्यार्थीलाई प्रश्नपत्र वितरण गर्दा यसरी वितरण गरिएको पाइयो ।

तालिका १ : प्रश्नपत्रको वितरणको अवस्था

| श्री भगवती उ.मा.वि, ओखे | श्री मच्छिन्द्र मा.वि, सुदाप | श्री भगवती प्रा.वी अेखे |
|---|---|---|
| प्रश्नपत्र वितरण गर्ने घन्टी बजेपछि एक जना निरिक्षकले भ्याइ नभ्याई वितरण गर्ने गरेको पाइयो । | प्रश्नपत्र वितरण गर्ने घन्टी बजेपछि एक जना निरिक्षकले भ्याइ नभ्याई वितरण गर्ने गरेको पाइयो । | प्रश्नपत्र वितरण गर्ने घन्टी बजेपछि एक जना निरिक्षकले भ्याइ नभ्याई वितरण गर्ने गरेको पाइयो । |

स्थलगत सर्वेक्षण ,२०६८

मथिको तालिका उल्लेख भए अनुसार छनौटमा परेका विद्यालयहरुले निर्धारित समयमा प्रश्नपत्र वितरण गर्ने कार्य सुरु गरेको भएता पनि एकै समयमा सम्पुर्ण विद्याथीले प्रश्नपत्र प्राप्त गर्न नसकेको पाइयो ।

### ४.१.४ परीक्षा सञ्चालन

वर्ष भरीमा सञ्चालन हुने तीन वटा परीक्षाहरु मध्ये प्रथम त्रैमासिक परीक्षा प्रत्येक विद्यालयका सम्बन्धीत विषयका शिक्षकहरुले आफ्नो विद्यालयले निर्धारण गरेको समय भित्र आफ्नो अनुकुलता अनुसार कक्षा कक्षामा सञ्चालन गर्ने गरिएको छ ।

दोश्रो त्रैमासिक र वार्षिक परीक्षा स्रोतकेन्द्र स्तरिय हुने भएकोले स्रोतकेन्द्र स्तरको परीक्षा तालिका अनुसार आ-आफ्नो विद्यालयमा सबै कक्षाका विद्यार्थीहरुलाई छासमिस पारी बसाईको व्यवस्था मिलाएर सञ्चालन गर्ने गरिएको छ भने विद्यार्थीहरुको विभिन्न पक्षको नियमित अवलोकन गर्नुका साथै विभिन्न मापदण्डहरुको प्रयोग गरी निरन्तर मूल्याङ्कन प्रणालीद्वारा मूल्याङ्कन गर्ने गरिएको छ ।

## ४.१.५ उत्तरपुस्तिका परीक्षण

स्रोतकेन्द्र स्तरिय परीक्षा आ-आफ्नो विद्यालयमा सञ्चालन भएपछि उत्तरपुस्तिकाको परीक्षण सम्बन्धीत विद्यालयका विषय शिक्षकहरुले नै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गरिएको छ । उत्तरपुस्तिका सम्परीक्षणको व्यवस्था भने गरिएको छैन । सम्वन्धीत विद्यालयका विषय शिक्षकहरुले उत्तरपुस्तिका परीक्षण गरी बुझाएको अंक नै विद्यार्थीले प्राप्त गरेको अंक हुने व्यवस्था रहेको छ ।

## ४.१.६ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था

परीक्षा प्रणालीको वर्तमान अवस्थाको अध्ययन गर्दा निरन्तर मूल्याङ्कन प्रणालीलाई अलग राख्न मिल्दैन ।  निरन्तर मूल्याङ्कन प्रणालीको सुरुवात २०५६।०५७ देखि परीक्षणको रुपमा सुरु भई २०६२।०६३ देखि देशभर लागु गर्ने नीति नियमहरु बनेता पनि यसको कार्यान्वयनको सिलसिलामा देखा परेका विभिन्न समस्याहरुका कारण यस स्रोतकेन्द्रमा अनौपचारिक रुपमा निरन्तर मूल्याङ्कन प्रणालीले ३ ।४ वर्ष अघि नै विजारोपण गरे पनि औपचारिक रुपमा भने शै.वर्ष २०६७ बाट मात्र लागु भएको देखिन्छ । शै.वर्ष २०६७ को परीक्षा नतिजामा  निरन्तर मूल्याङ्कनबाट प्राप्त भएको अंक समेत उल्लेख भएको छ भने त्यस भन्दा अघिका वर्षमा यो उल्लेखित भएको पाईदैन । शै.वर्ष २०६७ देखि हरेक पाठको शिक्षण सिकाई क्रममा कक्षा कार्य ,कक्षा सहभागिता,परियोजना कार्य, ब्यवहारमा परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरी जस्ता मापदण्डहरुको आधारमा नियमित मूल्याङ्कन गर्न विभिन्न फारामहरुको ब्यवस्था गरी नियमित रुपमा विद्यार्थीहरुको अवलोकन तथा उसको कार्यको मूल्याङ्कन  गरी

माथि उल्लेखित मापदण्डहरुमा अति राम्रो भएमा रेजा (√ √ √) उत्तम भएमा रेजा (√ √) सामान्य भएमा रेजा (√) दिने गरिएको र ती रेजाको आधारमा त्यसलाई अंकमा परिणत गर्दा ७०% भन्दा बढि भएमा 'क' श्रेणी, ४०% देखि ७०% सम्म भएमा 'ख' श्रेणी, ४०% भन्दा कम भएमा 'ग' श्रेणी, मा विभाजन गरी सोही अनुसार श्रेणीकरण गरिएको छ । पहिलो पटकको अभ्यास भएकोले यस मूल्याङ्कन प्रक्रियामा विभिन्न समस्याहरु पनि देखा परेका छन् । शै.वर्ष २०६७ मा मापदण्ड सहितको फारामहरुको प्रयोग गरेको खासै नपाईएता पनि नतिजा अभिलेखमा भने निरन्तर मूल्याङ्कन प्रणालीबाट प्राप्त अंक उल्लेखित छ । शैक्षिक वर्ष २०६८ मा भने मापदण्ड सहितको फारामको प्रयोग प्रत्येक शिक्षकले गरेको अवस्था छ ।

### ४.१.७ परीक्षा प्रणलिको विश्लेषण

परीक्षा प्रणालीको अध्ययन कार्यलाई पूरा गर्नको लागि वर्तमान अवस्थामा कार्यान्वयनमा आएको निरन्तर मूल्याङ्कन प्रणाली लागु हुनुभन्दा पहिलेको शैक्षिक उपलब्धी र यो प्रणाली लागु भए पश्चातको उपलब्धी वीचमा तुलनात्मक विश्लेषण गर्नु पर्ने आवश्यकता रहेको छ । किनकी यस तुलनात्मक अध्ययनले मात्र परीक्षा प्रणालीको प्रभावकारितालाई स्पष्ट पार्न सक्दछ । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयहरु र सिंगो स्रोतकेन्द्रको शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन गरिएको छ ।

तालिका  २ : श्री भगवती प्रा.वि. ओखे (कक्षा १-३) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धी | | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा | | | कक्षा | | |
| | | १ | २ | ३ | १ | २ | ३ |
| १ | नेपाली | ३६.९ | ४८.७ | ५०.९ | ४४.२ | ६६.९ | ५०.४ |
| २ | अंग्रेजी | ४९.८ | ४२.४ | ३७.५ | ४०.७ | ४१.६ | ३८.७ |
| ३ | गणित | ३४.५ | ४५.६ | ४५.० | ४८.१ | ६०.६ | ४९.२ |
| ४ | सामाजिक र सि.क | ४१.४ | ४३.३ | ४९.४ | ४०.१ | ५४.६ | ४६.० |
| ५ | विज्ञान,स्वा र शारीरिक | ४४.४ | ५०.८ | ४७.० | ३९.८ | ४६.९ | ४०.१ |
| ६ | ऐच्छिक | ४०.० | ४१.२ | ४०.१ | ३८.३ | ५०.६ | ५९.३ |
| कक्षागत औषत | | ४१.२ | ४५.३ | ४५.० | ४१.९ | ५३.५ | ४७.३ |

स्रोत : लब्धाङ्क पुस्तिका श्री भगवती प्रा.वि. २०६७ र ०६८

माथिको तालिकामा श्री भगवती प्रा.वि. ओखे (कक्षा १-३) को शैक्षिक वर्ष २०६७,२०६८ को शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ। तालिका अनुसार यस विद्यालयको औषत शैक्षिक उपलब्धी कक्षा १ मा नगन्य बढेको देखिन्छ भने कक्षा २ मा ८.२ % ले बृद्धि भएको छ। त्यसै गरी कक्षा ३ को शैक्षिक उपलब्धी २.३ % ले बृद्धि भएको देखिन्छ। सबै कक्षाहरुको उपलब्धी शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कुनै विषयमा निक्कै बृद्धि भएको छ भने कुनै विषयमा घटेको पनि छ। २०६७ को तुलनामा २०६८ मा शैक्षिक उपलब्धीमा निक्कै बृद्धि हुनुपर्ने हो तर निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्षमा शिक्षकहरुको कमजोरीका कारण यस्तो भएको देखिन्छ। निरन्तर विद्यार्थी मूल्याङ्कनको अंक परीक्षा फल प्रकाशन गर्ने समयमा मात्र मनगढन्ते ढंगले दिने काम  गरेका कारण यस्तो परिणाम आएको हो।

तालिका ३ श्री भगवती प्रा.वि. ओखे (कक्षा ४-५) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धी | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | |
|---|---|---|---|---|---|
| | | कक्षा | | कक्षा | |
| | | ४ | ५ | ४ | ५ |
| १ | नेपाली | ५०.४ | ५८.६ | ४९.२ | ४४.९ |
| २ | अंग्रेजी | ३८.५ | ३४.८ | ३७.५ | ३९.० |
| ३ | गणित | ५६.१ | ५३.२ | ५४.७ | ४५.५ |
| ४ | सामाजिक र सि.क | ५७.२ | ३८.५ | ३९.५ | ४३.४ |
| ५ | विज्ञान,स्वा र शारीरिक | ४८.४ | ५०.८ | ४३.५ | ३९.३ |
| ६ | ऐच्छिक | ३४.४ | ३७.६ | ४९.६ | ४६.५ |
| कक्षागत औषत | | ४७.५ | ४५.६ | ४५.६ | ४३.१ |

स्रोत : लब्धाङ्क पुस्तिका श्री भगवती प्रा.वि. २०६७ र ०६८

माथिको तालिकामा श्री भगवती प्रा.वि.ओखे (कक्षा ४,५ )को शैक्षिक वर्ष २०६७, २०६८ को शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ। तालिमा अनुसार यस विद्यालयको शैक्षिक उपलब्धी शैक्षिक वर्ष २०६७ कोभन्दा २०६८ मा दुबै कक्षाका कुनै विषयमा घटेको देखिन्छ भने कुनै विषयमा बृद्धि भएको देखिन्छ। औषत उपलब्धी भने शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कक्षा ४ को १.९ % र कक्षा ५ को २.५ % ले कमि भएको देखिन्छ । यसको कारण पनि निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्षमा कमजोरीका कारण यस्तो भएको हो। आवधिक परीक्षामा विद्यार्थीले ल्याएको अंकलाई परीक्षा फल प्रकाशनको समयमा २ ले भाग गरी निरन्तर र बाह्य परीक्षाको अंक दिने काम भएकोले यस्तो परिणाम आएको हो ।

तालिका ४ श्री शारदा नि.मा..वि. भोर्ले,ओखे (कक्षा १-३) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धी | | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा | | | कक्षा | | |
| | | १ | २ | ३ | १ | २ | ३ |
| १ | नेपाली | ५१.६ | ५१.२ | ४८.८ | ६३.५ | ६४.१ | ६०.७ |
| २ | अंग्रेजी | ४१.९ | ४७.७ | ४८.१ | ६५.२ | ६२.३ | ६८.९ |
| ३ | गणित | ४७.६ | ४२.६ | ४६.५ | ६२.८ | ६४.१ | ६७.८ |
| ४ | सामाजिक र सि.क | ४५.१ | ५४.५ | ६०.१ | ६६.० | ५२.१ | ५८.५ |
| ५ | विज्ञान,स्वा र शारीरिक | ५०.९ | ५०.८ | ५१.० | ५३.८ | ६०.३ | ६९.७ |
| ६ | ऐच्छिक | ४२.७ | ४५.५ | ५०.४ | ५४.३ | ६९.९ | ५५.७ |
| कक्षागत औषत | | ४६.६ | ४८.७ | ५०.८ | ६०.९ | ६०.९ | ६३.५ |

स्रोत : लब्धाङ्क पुस्तिका श्री शारदा नि.मा..वि. भोर्ले,ओखे . २०६७ र ०६८

माथिको तालिकामा श्री शारदा नि.मा.वि.ओखे (कक्षा १-३ ) को शैक्षिक वर्ष २०६७, २०६८ को शैक्षिक उपलब्धी उल्लेख गरिएको छ। यस तालिका अनुसार शैक्षिक वर्ष २०६७ को तुलनामा २०६८ मा सबै कक्षा र विषयको उपलब्धी बृद्धि भएको देखिन्छ। शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कक्षागत औषत उपलब्धी कक्षा १ को १४.३ % कक्षा २ को १२.२ % र कक्षा ३ को १२.७ % ले बृद्धि भएको अवस्था छ। कक्षा २ र ३ को भन्दा कक्षा १ को उपलब्धी अझ बढी बृद्धि भएको देखिन्छ। यसबाट यो विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने प्रयास भएको पुष्टि हुन्छ।

तालिका ५ श्री शारदा नि.मा..वि. भोर्ले,ओखे (कक्षा ४-५) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धी | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | |
|---|---|---|---|---|---|
| | | कक्षा | | कक्षा | |
| | | ४ | ५ | ४ | ५ |
| १ | नेपाली | ४२.९ | ५५.४ | ६७.५ | ५४.९ |
| २ | अंग्रेजी | ४४.३ | ४३.६ | ६१.५ | ४६.० |
| ३ | गणित | ४३.५ | ५०.७ | ४८.४ | ५३.४ |
| ४ | सामाजिक र सि.क | ६५.६ | ४६.३ | ६४.८ | ४७.८ |
| ५ | विज्ञान,स्वा र शारीरिक | ४९.८ | ५०.६ | ६६.१ | ५१.६ |
| ६ | ऐच्छिक | ५१.६ | ४७.८ | ५०.५ | ५८.२ |
| कक्षागत औषत | | ४९.६ | ४९.१ | ५९.८ | ५२.० |

स्रोत : लब्धाङ्क पुस्तिका श्री शारदा नि.मा..वि. भोर्ले,ओख . २०६७ ०६८ माथिको तालिकामा श्री शारदा नि.मा.वि.ओखे (कक्षा ४,५ ) को शैक्षिक वर्ष २०६७, २०६८ को शैक्षिक उपलब्धी उल्लेख गरिएको छ । यस तालिका अनुसार शैक्षिक वर्ष २०६७ को तुलनामा २०६८ मा कक्षा ४ र ५ दुबै कक्षाको सामान्यतः सवै विषयको उपलब्धी बृद्धि भएको देखिन्छ । शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कक्षा४ को औषत उपलब्धी १०.२ % ले र कक्षा ५ को औषत उपलब्धी २.९ % ले बृद्धि भएको छ । कक्षा ५ को भन्दा कक्षा ४ को उपलब्धीमा निक्कै बढी बृद्धि भएको देखिन्छ । समग्रमा यस विद्यालयको औषत उपलब्धी बृद्धि हुनुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन नै रहेको छ ।

तालिका ६ श्री मच्छिन्द्र मा..वि. सुदाप (कक्षा १-३) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धी | | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा | | | कक्षा | | |
| | | १ | २ | ३ | १ | २ | ३ |
| १ | नेपाली | ४६.८ | ३९.० | ३९.१ | ५२.९ | ५१.३ | ३७.७ |
| २ | अंग्रेजी | ४४.४ | ३३.० | ३३.९ | ५१.८ | ३६.१ | ३३.८ |
| ३ | गणित | ४४.८ | ४०.१ | ३३.३ | ५३.१ | ३९.७ | ३८.० |
| ४ | सामाजिक र सि.क | ५०.८ | ३३.९ | ५१.१ | ५१.२ | ५६.२ | ५२.४ |
| ५ | विज्ञान,स्वा र शारीरिक | ५२.९ | ३७.३ | ३५.९ | ५१.३ | ४६.५ | ४५.४ |
| ६ | ऐच्छिक | ५५.० | ४५.७ | ४१.१ | ४६.१ | ५३.२ | ४१.८ |
| कक्षागत औषत | | ४९.१ | ३८.२ | ३९.१ | ५१.१ | ४७.३ | ४२.० |

स्रोत : लब्धाङ्क पुस्तिका श्री मच्छिन्द्र मा. वि. सुदाप २०६७ र ०६८

माथिको तालिकामा श्री मच्छिन्द्र मा.वि.सुदाप (कक्षा १-३ ) को शैक्षिक वर्ष २०६७, २०६८ को औषत शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ । तालिकाको अध्ययनबाट शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कक्षा १-३ मा नै कुनै विषयको उपलब्धी बढेको देखिन्छ त कुनै विषयमा घटेको देखिन्छ भने कुनै विषयमा उस्तै उस्तै अवस्थामा रहेको देखिन्छ । औषत कक्षागत उपलब्धी भने केही बृद्धि भएको छ । शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा औषत उपलब्धी कक्षा १ को २.० % ,कक्षा २ को ९.१ % र कक्षा ३ को २.९ % ले वृद्धि भएको देखिन्छ । यस उपलब्धीको विश्लेषणबाट निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन पक्षमा विविधता भएको पुष्टि हुन्छ । कोही शिक्षकले यसको कार्यान्वयन निर्धारित ढाँचामा गरेको देखिन्छ भने कसैले आलटाल गरी परीक्षा फल प्रकाशन गर्ने समयमा अंक मिलाएको देखिन्छ । समग्रमा यस विद्यालयको कक्षा १-३ को शैक्षिक उपलब्धी शैक्षिक वर्ष २०६७ को तुलनामा

२०६८ मा थोरै भएपनि वृद्धि भएको देखिन्छ । यसको मूलकारण निरन्तर विद्यार्थी मूल्याङ्कन नै हो ।

तालिका ७ श्री मच्छिन्द्र मा.वि. सुदाप(कक्षा ४-५) को शैक्षिक उपलब्धीको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७को औषत उपलब्धी | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धी | |
|---|---|---|---|---|---|
| | | कक्षा | | कक्षा | |
| | | ४ | ५ | ४ | ५ |
| १ | नेपाली | ४५.२ | ३८.४ | ४२.५ | ५८.४ |
| २ | अंग्रेजी | ३८.६ | ४२.५ | ३६.८ | ५०.६ |
| ३ | गणित | ३४.९ | ३८.८ | ४४.५ | ४९.६ |
| ४ | सामाजिक र सि.क | ४७.१ | ४३.९ | ४४.५ | ६०.९ |
| ५ | विज्ञान,स्वा र शारीरिक | ४७.६ | ४४.८ | ४९.६ | ५२.९ |
| ६ | ऐच्छिक | ४२.२ | ४३.३ | ३७.० | ५४.६ |
| कक्षागत औषत | | ४२.६ | ४२.० | ४२.५ | ५४.५ |

स्रोत : लब्धाङ्क पुस्तिका श्री मच्छिन्द्र मा..वि. सुदाप २०६७ र ०६८

माथिको तालिकामा श्री मच्छिन्द्र मा.वि.सुदाप (कक्षा ४-५ ) को शैक्षिक वर्ष २०६७, २०६८ को औषत शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ । यस तालिकाको अध्ययनबाट शैक्षिक वर्ष २०६७भन्दा २०६८ मा कक्षा ४ को शैक्षिक उपलब्धी कुनै विषमा केही बढेको कुनै विषयमा केही घटेको त कुनै विषयमा उस्तै उस्तै रहेको देखिन्छ । औषत कक्षागत उपलब्धी भने उस्तै रहेको छ । कक्षा ५ को भने शैक्षिक वर्ष २०६७ को भन्दा२०६८मा सबै विषयको उपलब्धी वृद्धि भएको देखिन्छ । कक्षागत औषत उपलब्धी १२.५ % ले वृद्धि भएकोछ । यस उपलब्धीको विश्लेषणबाट निरन्तर विद्यार्थी मूल्याङ्कन को कार्यान्यन पक्षमा विविधता भएको देखिन्छ । कक्षा ४ मा यसको कार्यान्वयन पक्ष कमजोर रहेको र कक्षा ५ मा यसको कार्यान्वयनमा जोड दिएको देखिन्छ ।

तालिका ८ स्रोतकेन्द्र ओखे (कक्षा १-३) को शैक्षिक उपलब्धिको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धि | | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धि | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा | | | कक्षा | | |
| | | १ | २ | ३ | १ | २ | ३ |
| १ | नेपाली | ४३.५ | ४४.३ | ४५.१ | ५२.६ | ५८.४ | ५०.२ |
| २ | अंग्रेजी | ४१.१ | ४०.० | ३९.४ | ५०.८ | ४८.० | ४८.५ |
| ३ | गणित | ४०.१ | ४१.३ | ४०.५ | ५१.९ | ५३.१ | ५३.१ |
| ४ | सामाजिक र सि.क | ४३.६ | ४२.९ | ४७.२ | ५४.८ | ५२.७ | ५२.३ |
| ५ | विज्ञान, स्वा र शारीरिक | ४७.३ | ४४.८ | ४५.४ | ५१.१ | ५०.२ | ५०.३ |
| ६ | ऐच्छिक | ४३.१ | ४२.६ | ४१.९ | ४७.५ | ५१.४ | ५२.१ |
| कक्षागत औषत | | ४३.१ | ४२.७ | ४३.२ | ५१.४ | ५२.३ | ५०.८ |

स्रोत : समष्टि लब्धाङ्क फाराम स्रोतकेन्द्र ओखे २०६७ , ०६८

माथिको तालिकामा समग्र ओखे स्रोतकेन्द्रको शैक्षिक वर्ष २०६७, २०६८ (कक्षा १-३) को औषत शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ । यस तालिकाको अध्ययनबाट के स्पष्ट हुन्छ भने यस स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुको औषत शैक्षिक उपलब्धी अर्थात समग्र स्रोतकेन्द्र कक्षा १-३ को ओषत शैक्षिक उपलब्धी शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा कक्षा १ को ७.७ % ,कक्षा २ को ९.६ % र कक्षा ३ को ७.६ % ले वृद्धि भएको देखिन्छ । कुनै कुनै विद्यालयको औषत शैक्षिक उपलब्धी उस्तै उस्तै रहेको साथै कुनै विषय र कक्षा को औषत उपलब्धी कम समेत भएको देखिन्छ । कुनै विद्यालयको औषत शैक्षिक उपलब्धी निक्कै वृद्धि भएको पनि देखिन्छ । यस्तो विविधता देखिनुको मूलकारण शैक्षिक वर्ष २०६७ देखि निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याईएको तर त्यसको कार्यान्वयन पक्षमा भएका कमजोरी अर्थात यस प्रणालीको कार्यान्वयनमा एकरुपता नहुनु नै हो ।

तालिका ९ स्रोतकेन्द्र ओखे (कक्षा ४-५) को शैक्षिक उपलब्धिको तुलना

| क्र. स. | विषय | शैक्षिक वर्ष २०६७ को औषत उपलब्धि | | शैक्षिक वर्ष २०६८ को औषत उपलब्धि | |
|---|---|---|---|---|---|
| | | कक्षा | | कक्षा | |
| | | ४ | ५ | ४ | ५ |
| १ | नेपाली | ४४.६ | ४६.३ | ५२.३ | ५०.३ |
| २ | अंग्रेजी | ३९.२ | ३९.३ | ४७.१ | ४६.२ |
| ३ | गणित | ४१.४ | ४३.८ | ४८.६ | ४९.० |
| ४ | सामाजिक र सि.क | ५०.१ | ४१.७ | ४९.५ | ५१.६ |
| ५ | विज्ञान, स्वा र शारीरिक | ४६.२ | ४५.० | ५१.१ | ४८.५ |
| ६ | ऐच्छिक | ४०.८ | ४१.० | ४८.३ | ५१.१ |
| कक्षागत औषत | | ४३.८ | ४२.९ | ४९.५ | ४९.५ |

स्रोत : समष्टि लब्धाङ्क फाराम स्रोतकेन्द्र ओखे  २०६७ , ०६८

माथिको तालिकामा समग्र ओखे स्रोतकेन्द्रको शैक्षिक वर्ष २०६७, २०६८ (कक्षा ४-५) को  औषत शैक्षिक उपलब्धी प्रस्तुत गरिएको छ। यस तालिकाको अध्ययनबाट यस स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुको अर्थात समग्र ओखे स्रोतकेन्द्र कक्षा ४ र ५ को औषत उपलब्धी शैक्षिक वर्ष २०६७ को भन्दा २०६८ मा वृद्धि भएको छ। कक्षा ४को औषत शैक्षिक उपलब्धी ५.७ % ले र कक्षा ५ को ६.६ % ले वृद्धि भएको दखिन्छ। कक्षा ४ र ५ का पनि कुनै कुनै विद्यालयको औषत शैक्षिक उपलब्धी उस्तै उस्तै रहनुको साथै कम समेत भएको देखिन्छ भने कुनै विद्यालयको निक्कै वृद्धि भएको दखिन्छ। यसरी विद्यालयपिच्छे औषत शैक्षिक उपलब्धीमा देखिएको विविधताको मूलकारण निरन्तर मूल्याङ्कन प्रणालीलाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याईएको तर यसको कार्यान्वयन पक्षमा एकरुपता हुन नसक्नु, शिक्षकहरुलाई तालिमको अभाव हुनु, जिम्मेवारी पूर्वक नलाग्नु, झञ्झटिलो मान्नु, विद्यालयले आवश्यक सामग्री उपलब्ध नगराउनु जस्ता कारणहरु रहेका छन्।

## ४.२ परीक्षा प्रणालीमा देखिएका समस्याहरु

सामुदायिक विद्यालयमा वर्तमान अवस्थामा कलम र कपीको माध्यमबाट सञ्चालित परीक्षाका साथै निरन्तर मूल्याङ्कन प्रणलीलाइ समेत परीक्षाको रुपमा समावेश गरिएको अवस्था छ । शैक्षिक वर्ष २०६७ देखि देशभरका सम्पूर्ण विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अनिवार्य कार्यान्वयन प्रत्येक स्रोतकेन्द्र मार्फत गराउनु पर्ने व्यवस्था गरिएको छ भने मूल्याङ्कनको एक मात्र महत्वपूर्ण साधनको रुपमा प्रयोग भईरहेको परीक्षा हो । निरन्तर मूल्याङ्कन प्रणलीको कार्यान्वयन वा प्रयोग गरी  मूल्याङ्कन गर्ने क्रममा होस् या परीक्षा प्रणालीका विभिन्न पक्षमा अनेकौ समस्याहरु देखा परेका छन् । ती समस्याहरुको कारणले सिंगो परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रियालाई प्रभावित पारेको छ ।

### ४.२.१ प्रश्न निर्माणमा देखिएका समस्याहरु

परीक्षा सञ्चालनको एउटा महत्वपूर्ण पक्ष भनेको प्रश्न निर्माण हो । प्रश्न विना परीक्षा सञ्चालन गर्न कठिनाई हुन्छ । ओखे स्रोतकेन्द्रमा दोश्रो त्रैमासिक र वार्षिक परीक्षा स्रोतकेन्द्र स्तरिय हुने गरेका छन्  । ती परीक्षाहरुमा स्रोतकेन्द्र भित्रका विभिन्न विद्यालयका शिक्षकहरुलाई प्रश्न निर्माण कार्यको जिम्मा परीक्षा समिति र प्र.अ.हरुको बैठकद्वारा दिने गरिएको छ । जिम्मा पाएका शिक्षकहरुबाट प्रश्न निर्माण गर्दा पाठ्यक्रमको ख्याल नगरी पाठ्यपुस्तकलाई मात्र आधार बनाएर प्रश्न निर्माण गर्नु , प्रश्न निर्माण गर्दा विशिष्टिकरण तालिकाको प्रयोग नगर्नु , सिकाईका सम्पूर्ण पक्ष ज्ञान, सीप र अभिवृत्तिको क्षेत्र समेटिने गरी प्रश्न निर्माण गर्न नसक्नु , प्रश्न पत्रहरुमा स्पष्ट निर्देशन उल्लेख नहुनु , प्रश्नको प्रत्येक अंशको अंकभार प्रष्ट उल्लेख नहुनु , नमुना प्रश्नहरु निर्माण नगर्नु , प्रश्नको कठिनाई स्तर नमिलेको हुनु , प्रश्नको गोपनियता कायम नहुनु जस्ता समस्याहरु प्रश्न निर्माणमा रहेका छन् ।

### ४.२.२ प्रश्न मूल्याङ्कनमा देखिएका समस्याहरु

प्रश्न निर्माणको जिम्मा पाएका शिक्षकहरुबाट निर्माण गरी परीक्षा समितिमा बुझाएपछि प्रश्न  मूल्याङ्कन समितिलाई प्रश्नको अन्तिम रुप दिनको लागि दिईन्छ । प्रश्न मुल्याङ्कन समितिमा प्रश्नको पोको नै नखोली जिम्मेवार अनुभवी शिक्षक साथीहरुले बनाएका प्रश्नमा के कमीकमजोरी हुन्छ र ? सब ठिक छ भन्ने जस्ता गैर जिम्मेवारीपूर्ण व्यवहार हुनु , प्रश्न मूल्याङ्कन समितिका सदस्यहरुले पनि पाठ्यक्रम र विशिष्टिकरण तालिका ख्याल नगर्नु ,प्रश्न निर्माणको सम्वन्धमा तालिमको व्यवस्था नहुनु , जिम्मा पाएका शिक्षकहरुले जिम्मेवारी पूरा नगर्नु , प्रमुख समस्या त प्रश्न पत्रको मूल्याङ्कन एवं विश्लेषण नै नहुनु रहेको छ ।

### ४.२.३ प्रश्नपत्र वितरणमा देखिएका समस्याहरु

प्रश्नपत्र छपाईको जिम्मा लिएका ब्यक्तिहरुले प्रश्नपत्र छाप्ने कार्य पूरा गरी स्रोतकेन्द्रमा उपलब्ध गराई सकेपछि प्रश्नपत्र वितरणको काम परीक्षा समितिले व्यवस्थित गर्नु पर्ने हुन्छ । तर स्रोतकेन्द्र  अन्तर्गतका विद्यालयका प्र.अ.तथा शिक्षकहरु भेलाभई आ-आफ्नो विद्यालयमा आवश्यक पर्ने प्रश्नपत्रहरु आफैले छुट्याएर लैजाने परिपाटीले कतिपय कक्षा र विषयको प्रश्नपत्र कुनै विद्यालयमा दोहोरिएर जाने कुनै विद्यालयमा प्रश्नपत्र अपुगहुने, प्रश्नपत्रको गोपनियता भंग हुने, कुनै विद्यालयमा समयमा प्रश्नपत्रहरु प्राप्त गर्न नसक्ने र परीक्षाको दिन प्रश्नपत्र खोज्दै स्रोतकेन्द्रमा धाउनु पर्ने लगायतका समस्याहरु देखिएका छन् ।

### ४.२.४ परीक्षा सञ्चालनमा देखिएका समस्याहरु

परीक्षा प्रणालीलाई प्रत्यक्ष रुपमा प्रभावित पार्ने एउटा महत्वपूर्ण पक्ष परीक्षा सञ्चालन हो । परीक्षा सञ्चालनका क्रममा बसाईको व्यवस्था उचित ढंगबाट नभएकोले विद्यार्थीले सार्ने वा नक्कल गर्ने समस्या रहेको छ । साथै विद्यार्थीहरुले सहज रुपमा परीक्षा दिनका लागि उपयुक्त तापक्रम ,प्रकाश,हावाको आवत जावत हुने कोठा नहुनु , विद्यार्थीको उमेर अनुसारका लेखाईलाई सहज हुने उचित साईजका फर्निचरको

व्यवस्था नहुनु , विद्यार्थीहरुलाई परीक्षाका लागि तयार बनाउन पूर्व परीक्षा सञ्चालन नगरिनु , परीक्षा सञ्चालनका लागि कार्यक्रम नै नबनाई हचुवाको भरमा सुरु गर्नु , निरिक्षकको उचित व्यवस्था नगर्नु , प्रश्न पत्र र उत्तरपुस्तिका रुजु नगर्नाले वीचमा समस्या उत्पन्न हुनु , परीक्षा सञ्चालनको उपयुक्त समय निर्धारण हुन नसक्नु , परीक्षा सञ्चालन सम्वन्धि आवश्यक निर्देशन नदिनु , निरिक्षकहरुको व्यवहारमा विविधता हुनु , विद्यार्थीहरुद्वारा परीक्षा अमर्यादित बनाउनु जस्ता समस्याहरु परीक्षा सञ्चालनको क्रममा देखिएका छन् ।

### ४.२.५ उत्तरपुस्तिका परीक्षणमा देखिएका समस्याहरु

परीक्षा सञ्चालन पश्चात नतिजा प्रकाशन गर्नको लागि उत्तरपुस्तिका परीक्षण गर्नु पर्ने हुन्छ । उत्तरपुस्तिका परीक्षण परीक्षा प्रणली भित्रको एक महत्वपूर्ण पाटो हो । सामुदायिक विद्यालयहरुको परीक्षा स्रोतकेन्द्र स्तरिय हुने परिपाटी अनुसार यस ओखे स्रोतकेन्द्रमा पनि दोश्रो त्रैमासिक र वार्षिक परीक्षा स्रोतकेन्द्र स्तरिय हुने व्यवस्था भए पनि उत्तरपुस्तिका परीक्षण आ-आफ्नो विद्यालयका सम्बन्धित विषय शिक्षणगर्ने शिक्षकहरुले परीक्षण गर्ने व्यवस्था रहेको छ । उत्तरपुस्तिका परीक्षणको सिलसिलमा भएका विभिन्न समस्या र कमजोरीहरु समेतले परीक्षा प्रणालीलाई प्रभावित बनाएको छ । उत्तरपुस्तिका परीक्षण गर्दा उत्तरकुञ्जिका तयार नगरिनु , समयमा उत्तरपुस्तिका परीक्षण नगर्नु , परीक्षण कार्यलाई खास महत्व नदिई लापरवाही तरिकाले परीक्षण गरिनु , हेल्लो ईफेक्ट पर्नु , सम्परीक्षणको व्यवस्था नगर्नु , निवन्धात्मक प्रश्नमा अंकन गर्दा मनलागि ढंगबाट गरिनु , कसलाई प्रथम बनाउने भन्ने बारेमा शिक्षकहरु वीचमा होडबाजी चल्नु जस्ता समस्याहरु रहेका छन् ।

### ४.२.६ परीक्षाफल विश्लेषणमा देखिएका समस्याहरु

परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गरीसके पछि नतिजाको विश्लेषण गर्नु पर्ने हुन्छ । अधिकासं विद्यालयहरुले परीक्षाफल प्रकाशन पछि त्यसको विश्लेषण गर्ने गरिएको नै छैन । विश्लेषण नगरिएको परीक्षाफलमा विभिन्न त्रुटिहरु हुन सक्ने

भएकाले ती त्रुटीहरुले समस्या हुन सक्छन् । कुन विषयको नतिजा कस्तो छ ? र त्यसलाई सुधार गर्न के कस्तो योजना तथा कार्यक्रम तर्जुमा गर्ने भन्ने विषयमा जानकारी नहुनु , नतिजा विश्लेषण गरियो भने पनि त्यसलाई शिक्षकहरुले गम्भिरता पूर्वक नलिनु र त्यसबाट निस्किएको परिणामको आधारमा सुधारका योजना तथा कार्यक्रम निर्माण नगर्नु , नतिजा विश्लेषण तथा प्रमाणिकरण गरी अभिभावकहरुलाई नपठाउनु , नतिजाको बारेमा अभिभावक विद्यार्थीसंग अन्तरक्रिया सञ्चालन गरी सुधारका प्रयत्नहरु नगरिनु जस्ता समस्याहरु विद्यमान छन् ।

## ४.२.७ निरन्तर मूल्याङ्कन प्रणली कार्यान्वयनमा देखिएका समस्याहरु

वर्तमान परीक्षा प्रणाली भित्र निरन्तर मूल्याङ्कन प्रणली पनि समावेश भएको छ । हरेक विद्यालयमा शैक्षिक सत्रको सुरुवाट नै प्रत्येक शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनको लागि तयार गरिएको फारामहरुको नियमित प्रयोगद्वारा निर्धारित मापदण्डका आधारमा र मूल्याङ्कन गर्नु पर्छ । निरन्तर मूल्याङ्कन प्रणलीको कार्यान्वयनको सिलसिलामा पनि विभिन्न समस्याहरु देखा परेका छन् । विद्यालयले समयमा मूल्याङ्कनका लागि चाहिने फाराम, फायल लगायत आवश्यक सामग्रीको व्यवस्था नगर्नु , निरन्तर मूल्याङ्कन कार्य गर्न शिक्षकहरुलाई तालिमको व्यवस्था नहुनु , शिक्षकले अनावश्यक झन्झट ठानी आफ्नो जिम्मेवारी बहन नगर्नु , शिक्षकहरुलाई पुरस्कार र दण्डको व्यवस्था नहुनु , अनुगमन र सुपरीवेक्षणको व्यवस्था नहुनु , विद्यालयको भैतिक व्यवस्थापन उचित नहुनु जस्ता समस्याहरु रहेका छन् ।

सारांसको रुपमा सामुदायिक विद्यालयहरुमा वर्तमान अवस्थामा सञ्चालित परीक्षा स्रोतकेन्द्र स्तरिय भएको पाईयो । स्रोतकेन्द्र अन्तरगतका सबै विद्यालयहरुमा प्रत्येक वर्ष दोश्रो त्रैमासिक र वार्षिक परीक्षा एकै प्रकारका प्रश्नहरु निर्माण गरी स्रोतकेन्द्रमा निर्धारण भएको समय तालिका अनुसार परीक्षा सञ्चालन भएको पाईयो । परीक्षा सञ्चालनका लागि स्रोतकेन्द्रमा स्तरमा निर्मित प्रश्नहरु प्रथम त्रैमासिक परीक्षा सञ्चालनका लागि ब्यक्तिगत रुपमा निर्माण भएका प्रश्नहरु भन्दा राम्रो पाईयो । पाठ्क्रम र विशिष्टिकरण तालिकाको प्रयोग विना नै प्रश्नहरुको निर्माण गर्ने

परिपाटीले गर्दा जतिसुकै होसियारी अपनाउदा पनि पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरुलाई पूर्ण रुपमा परिपुर्ति गर्ने किसिमका ज्ञान , सीप, वोध, धारणा जस्ता पक्षहरु समेट्ने खालका प्रश्नहरु निर्माण भएको पाईएन । साथै सामाजिक र सि.क.विषयमा २५% स्थानिय पाठ्यक्रम तयार गरी शिक्षण गर्नु पर्ने भन्ने व्यवस्था भएकोमा उक्त कुराको वेवास्ता गरेको पाईयो । प्रश्न  पत्र मूल्याङ्कन समिति स्रोतकेन्द्रमा निर्माण भएको भए पनि त्यो नाम मात्रको भएको पाईयो । मूल्याङ्कन तथा विश्लेषणमा ध्यान नदिएको पाईयो ।

विद्यालयहरुमा सञ्चालन हुने प्रथम त्रैमासिक परीक्षा विद्यालयले निर्धारण गरेको समय भित्र विषय शिक्षकले आफ्नो अनुकुलता अनुसार सञ्चालन गर्ने गरेको पाईयो । दोश्रो त्रैमासिक र वार्षिक परीक्षा स्रोतकेन्द्रको समय तालिकामा विद्यालयले आ-आफ्ना विद्यालयका विद्यर्थीहरुलाई छासमिस गरी सिट प्लानिङ गरेर सञ्चालन गर्ने गरेको पाईयो । परीक्षा सञ्चालन भए पश्चात उत्तरपुस्तिका परीक्षण सम्वन्धित विद्यालयका विषय शिक्षकहरुले परीक्षण गर्ने व्यवस्था भएको पाईयो । विद्यालयपिच्छे फरक फरक समयमा परीक्षाफल प्रकाशन हुने गरेकाले स्रोतकेन्द्र स्तरमा एकरुपता नभएको पाईयो ।परीक्षाफल प्रमाणिकरण गरी अभिभावकलाई नभएको र शिक्षक तथा विद्यार्थीमा मात्र नतिजा सिमित रहेको पाईयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको चर्चा परिचर्चा २०६२।०६३ देखि भएता पनि व्यवहारिक रुपमा शैक्षिक वर्ष २०६७ देखि मात्र लागु भएको पाईयो । विद्यालयहरमा आवश्यक पर्ने फायलहरु लगायत सामग्रीहरुको अभावका कारण शैक्षिक वर्ष २०६७ मा पनि नतिजा प्रकाशनको समयमा शिक्षकले मनगढन्ते पाराले नतिजा तयार पारेको अवस्था पाईयो ।

नमुना छनौट गरिएका विद्यालय र स्रोतकेन्द्र स्तरको शैक्षिक वर्ष २०६७ र २०६८ को शैक्षिक उपलब्धीको विशलेषणबाट समग्रमा शैक्षिक वर्ष २०६७ को भन्दा शैक्षिक वर्ष २०६८ मा निरन्तर मूल्याङ्कन प्रणाली लागु भएकोले शैक्षिक उपलब्धी वृद्धि भएको पाईएता पनि कतिपय विद्यालयहरुमा यसको व्यवहारिक प्रयोगमा देखिएको कठिनाईका कारण शैक्षिक उपलब्धीमा खासै परिवर्तन भएको पाईएन । राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरे अनुसार कक्षा १-५ मा १०० पूर्णाङ्कको ऐच्छिक विषय

स्थानिय स्तरमा नै पाठ्क्रम तयार गरी पठन पाठन गर्नुपर्ने व्यवस्था अनुरुप स्थानिय लिम्बु भाषा शिक्षण गरेको पाईयो । लिम्बुभाषा शिक्षणका लागि दक्ष एवं भाषागत रुपमा विज्ञ शिक्षकहरुको अभाव साथै गैर लिम्बु वालवालिकाहरुलाई भाषागत समस्याका कारण शैक्षिक उपलब्धी न्यून नै रहेको पाईयो ।

शिक्षण सिकाई, वालमैत्री वातावरण , शैक्षिक उपलब्धी स्तर एवं प्रश्न पत्र निर्माण जस्ता सवालमा शिक्षक तालिमको अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययनको क्रममा केही नव प्रवेशी शिक्षकहरु बाहेक सबै शिक्षकहरुले तालिम प्राप्त गरेको पाईयो । तथापी तालिमको क्रममा प्रश्न पत्र र उत्तरकुञ्जिका निर्माण सम्बधी तालिमको अभाव देखियो । प्रश्नले ज्ञान, सीप, अभिवृत्ति जस्ता सम्पूर्ण पक्षको प्रतिनिधित्व गर्न नसक्नु , प्रश्न मूल्याङ्कन समिति गठन भए पनि निष्क्रिय हुनु , उत्तरपुस्तिका सम्परीक्षणको व्यवस्था नै नहुनु जस्ता समस्याहरु देखिए । प्रश्न पत्र र अक्षरका साईजहरु विद्यार्थीको उमेर अनुसार उपयुक्त भएको पाईयो । परीक्षा सञ्चालनमा प्रयोग हुने कोठाहरु कतिपय विद्यालयमा उपयुक्त तापक्रम,प्रकाशको व्ययस्था नभएको र हावा आवतजावत पनि आवश्यक मात्रामा हुन नसक्नु साथै फर्निचरको व्यवस्था विद्यार्थीको उमेर अनुसार हुन नसक्दा लेखाईमा समस्या भएको पाईयो ।

परीक्षा सञ्चालनको क्रममा खास योजना निर्माणको अभावका कारण सञ्चालनको समयमा विविध समस्या आउनुका साथै प्रश्नपत्र र उत्तरपुस्तिका रुजु नगर्दा समेत कतिपय परीक्षामा समस्या भएको पाईयो । उत्तरपुस्तिका परीक्षणमा हेल्लो ईफेक्ट पर्ने गरेको, परीक्षाफल प्रकाशनमा एकै समयमा नभई विविधता भएको, नतिजा विशलेषणमा ध्यान नपुऱ्याईएको जस्ता समस्याहरु समेत पाईयो । नतिजा प्रमाणिकरण गरी अभिभावकलाई पठाएर आवश्यक सुझावहरु लिन नसकेका कारण अभिभावकहरुबाट असन्तुष्टि प्रकट भएको अवस्था पाईयो । निरन्तर मूल्याङ्कन प्रणाली सहजरुपमा लागु गर्नको लागि विद्यालयले समयमा आवश्यक सामग्रीहरु उपलब्ध गराउन नसक्नु , शिक्षकहरुलाई तालिमको अभाव हुनु , शिक्षकहरुले झञ्झटिलो मान्नु, अनुगमन र सुपरीवेक्षण प्रभावकारी रुपमा हुन नसक्नु , स्थानिय भाषा शिक्षणका लागि दक्ष शिक्षकको व्यवस्था हुन नसक्नु र आवश्यक तालिमको व्यवस्था

हुन नसक्नु जस्ता समस्याहरु रहेको पाईयो । विद्यार्थीहरुको कठिनाई पत्ता लगाउने निदानात्मक परीक्षा अन्तर्गत अति उपयोगी एवं आवश्यक देखिने गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य प्रसस्त अभ्यास नगराएको पाईयो । शिक्षण सिकाई क्रियाकलापको महत्वपूर्ण पक्षको रुपमा रहेका सह तथा अतिरिक्त क्रियाकलापलाई मूल्याङ्कन प्रक्रियामा समेटेको पाईएन ।

## ४.३ परीक्षासंग देखिएका समस्या समाधानका उपायहरु

सामुदायिक विद्यालयको परीक्षा प्रणाली सँग सम्वन्धित भई गरिएको यस अनुसन्धानात्मक कार्य तेह्रथुम जिल्लाको ओखे स्रोत केन्द्र भित्र संचालीत विद्यालयको प्र.अ ,शिक्षक ,अभिभावक ,विद्यार्थी ,विद्यालयमा खडा गरि राखिएको अभिलेख , स्रोत व्यक्ति लगायतलाई प्रश्नावली , अन्तवार्ता प्रश्नावली , अभिलेख अध्यायन ,छलफल लगायत अनुसन्धानका साधनहरुबाट संकलन गरिएको तथ्याङ्कलाई विश्लेषण गर्दा परीक्षा प्रणलीमा देखिएका समस्या समाधानको लागि देहाय अनुसार

## सुझावहरु औल्याएका छन् :-

प्रश्नपत्र निर्माण प्रक्रियालाई कक्षा १- १० सम्मनै विशिष्टीकरण तालिकामा समावेश भएको प्रश्नलाई छनौट गरि शिक्षक र विषय विज्ञबाट निर्माण गरीनुपर्ने । परीक्षा संचालनका लागि विद्यालयको वातावरण, कक्षा कोठा , हावा र प्रकाशको उचित प्रवन्ध मिलाईनु पर्ने ।

गुणस्तरयुक्त प्रश्नपत्रको व्यवस्था गरिनुपर्ने । थपकपी, पानी तथा परिक्षार्थीहरु आवतजावत गर्ने व्यवस्था मिलाईनुपर्ने ।

# परिच्छेद : पाँच

# प्राप्ती, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ती

यस अध्यायनका लागि छनौटमा परेको नमुनाको आकार भित्रवाट संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा तेह्रथुम जिल्लाको ओखे स्रोतकेद्र भित्रका सामुदायीक विद्यालयको परीक्षा प्रणलीको वर्तमान अवस्था उही पुरानै परम्परागत परीक्षा प्रणलीमा आधारित रहेको पाईयो । खास गरी सामुदायीक विद्यालयमा प्रथम त्रैमासिक , अर्धबार्षिक रअन्तिम तथा बार्षिक परीक्षा प्रणलीलाई मुख्य आधार बनाईएको पाईन्छ भने हरेक परीक्षका लागि प्रश्नपत्र कक्षा १-३ का लागि विद्यालय आफैले निर्माण गरी परीक्षा सञ्चालन गरेको तथा कक्षा ४-१० सम्मका परीक्ष सञ्चालन को लागि स्रोत केन्द्र स्तरीय प्रश्नपत्र निर्माण गरी परीक्षाको संचालन गर्दै आईएको पाईयो ।

त्यसैगरी उत्तरपुस्तीका परीक्षणको व्यवस्था भने आफ्नो विद्यालयको उ.पु. आफैले परीक्षण गरी नतिजाको प्रकाशन गर्ने गरेको पाईयो ।

सामुदायीक विद्यालयमा संचालन गरेको परीक्षावाट प्राप्त नतिजाको विश्लेषण गर्दा कक्षा १-३ को अवस्था भने नियमित उत्तिर्ण गराउदै आएको तर कक्षा ४ र ५ मा विषयगत प्राप्ताङ्कलाई आधार मानी उत्तिर्ण र अनुत्तिर्ण गराउने परिपाटी रहेको पाईयो । परीक्षा प्रणलीसँग देदिएका समस्याहरु जस्तैः प्रश्नपत्र निर्माण प्रक्रिया नै त्रुटीपूर्ण रहेको, उत्तरपुस्तीका परीक्षणमा ढिलाई ,प्रयोगात्मक परीक्षालाई हल्लाको रुपमा लिएको, नतिजा विश्लेषणको अभाव रहेको पाईयो, भने परीक्षा प्रणलीमा माथिल्लो निकायवाट अनुगमनको व्यवस्था नहुदा परीक्षालाई अैपचारीकता मात्र प्रदान गरेको पाईयो ।

## ५.२ निष्कर्ष

परीक्षा सञ्चालनका लागि आवश्यक पक्षहरुको यथोचित प्रवन्ध गर्नु परीक्षा व्यवस्थापन हो । उचित व्यवस्थापनका आधारमा परीक्षा सम्बन्धी कार्य सम्पादन गर्नु परीक्षा सञ्चालन अन्तरगत पर्दछ । मापन गर्न खोजिएको सिकाई परिणामहरुको उपलबधी प्रदर्शन गर्न सम्पूर्ण विद्यार्थीहरुलाई प्रयाप्त अवसर प्रदान गर्नु पर्छ । यसको अर्थ हो भौतिक र मनोवैज्ञानिक वातावरण उनीहरुको प्रयासको लागि सहयोगी हुनु पर्दछ र उनिहरुलाई बाधा-अड्चन पर्ने सबै तत्वहरुलाई नियन्त्रण गर्नु पर्छ । भौतिक वातावरण जस्तै -ठाँउको व्यवस्था, उपयुक्त प्रकाश र तापक्रम हावाको उचित आवतजावतको व्यवस्था, उपयुक्त साईजका फर्निचर आदि सामान्य रुपमा शिक्षकहरुलाई जनकारी हुन्छ । यो भन्दा महत्वपूर्ण तर कम ध्यान पुऱ्याईएको तत्व हो मनोवैज्ञानिक अवस्था जसले परीक्षा परिणाममा प्रभाव पार्दछ । परीक्षाको समयमा विद्यार्थीहरुमा तनाव सिर्जना भयो वा उनिहरु चिन्तित भएमा उनिहरुले राम्रो गर्न सक्दैनन् ।

परीक्षा प्रणालीले विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा महत्वपूर्ण प्रभाव पार्दछ । प्रश्नहरु पठ्क्रमको उद्देश्य अनुरुप भएमा विषयगत, कक्षागत, तहगत तथा राष्ट्रिय उद्देश्यहरु पूरा हुन्छन् । स्तरिय प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणका लागि शिक्षकहरुलाई तालिमको आवश्यकता देखिन्छ । स्रोतकेन्द्रमा यस्ता तालिमहरु सञ्चालन गर्नु पर्ने आवश्यकता छ । परीक्षा लगायत मूल्याङ्कनका विभिन्न साधनहरु गृहकार्य,कक्षाकार्य, अभ्यास, चेकलिष्ट, श्रेणिमापन, अवलोकन, परियोजना कार्य, सिर्जनात्मक कार्य सह तथा अतिरिक्त क्रियाकलापलाई मूल्याङ्कनका साधनको रुपमा प्रयोग हुनु पर्नेमा लिखित परीक्षालाई मात्र मूल्याङ्कनको साधनका रुपमा प्रयोग गरिएको छ । परीक्षाले विद्यार्थीको ब्यक्तिगत विभिन्नतालाई ध्यान दिएको छैन । प्रथम त्रैमासिक,दोश्रो त्रैमासिक र वार्षिक परीक्षा सञ्चालन गरी तिनैलाई आधार बनाएर निर्णय लिने गरिएको छ । विद्यार्थीका कठिनाई पत्ता लगाउन निदानात्मक मूल्याङ्कनको आवश्यकता पर्दछ । साधन सहितको परीक्षणले लेखाजोखा गर्न नसकेका कतियय पक्षहरु मापन गर्न अनौपचारिक  मूल्याङ्कनका रुपमा विना

परीक्षण अवलोकन कार्य मूल्याङ्कनका लागि आवश्यक पर्दछ । निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नती लागु भएता पनि आवश्यक साधन र स्रोतको अभावका कारण प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । शैक्षिक उपलब्धीलाई हेर्दा निरन्तर मूल्याङ्कन प्रणाली लागु भएपछि समग्रमा पहिलेको भन्दा वृद्धि भएको देखिन्छ । सामाजिक र सिर्जनात्मककला विषयमा २५% स्थानिय पाठ्क्रम निर्माण गरी पठनपाठन र मूल्याङ्कनमा समावेश गर्नु पर्ने त्यो कार्यान्वयन भएको देखिदैन ।

प्रश्न पत्रको अभिलेख राख्ने व्यवस्था भएको छ । प्रश्नपत्र मूल्याङ्कन समितिको गठन भएता पनि प्रश्नहरुको मूल्याङ्कन , पुनरावलोकन, सम्पादन, कार्यमा यसको भूमिका नरहेको देखिन्छ । प्रश्नपत्र छपाईमा विद्यार्थीहरुको उमेर र कक्षा अनुसार अक्षरको आकार, प्रश्नको साईज तथा कागजको गुणस्तर पूर्णरुपमा नमिलेको देखिन्छ । उत्तरपुस्तिका परीक्षणमा सम्वेदनसिल नभएको , उत्तरकुञ्जिकाको निर्माण गर्ने नगरिएको साथै सम्परीक्षणको व्यवस्था नै नभएको अवस्था छ । परीक्षाफल प्रकाशनमा एकरुपता नभएको ,नतिजा शिक्षक विद्यार्थीमा सिमित रहेकोले अभिभावकहरुलाई थाहा नहुने र विद्यार्थीहरुका समस्याका बारेमा समय समयमा सावधानी अपनाउन नपाउने अवस्था रहेको छ । समग्रमा भन्ने हो भने सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीका सम्पूर्ण पक्षहरुको राम्रो व्यवस्थापन हुन नसक्दा सिंगो परीक्षा प्रणाली नै प्रभावित भएर अस्तव्यस्त अवस्थामा रहेको छ । यस अवस्थाबाट मुक्त गरी सिंगो शैक्षिक वातावरणमा सुधार ल्याउन परीक्षा प्रणालीमा देखिएका कमजोरीहरुलाई सम्वन्धित सम्पूर्ण सरोकारवालाहरुले आ-आफ्नो जिम्मेवारी गहनतासाथ बोध गरी पूरा गर्ने तर्फ लाग्नु पर्ने आवश्यकता रहेको देखिन्छ । अनि मात्र हामीले चाहेको शैक्षिक उपलब्धी प्राप्त गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सकिन्छ साथै त्यस वेला मात्र गुणस्तरिय शिक्षाको आसा गर्न सकिन्छ ।

## ५.३ सुझावहरु

निर्धारित उद्देश्यहरु प्राप्त गर्न प्रयोग गरिएको क्रियाकलाप र प्रयासहरुमा के कति सफलता हाँसिल भयो वा भएन भन्ने कुराको लेखाजोखा गर्न विद्यालयमा विद्यार्थी

मूल्याङ्कन निरन्तर भईरहनु पर्दछ । विद्यार्थीको उपलब्धी परीक्षण गर्ने एउटा प्रक्रिया परीक्षा हो । उपलब्धीको मापन गर्ने साधनको रुपमा परीक्षा सञ्चाल गरिन्छ । मूल्याङ्कन ब्यापक प्रक्रिया हो भने परीक्षा त यसको महत्वपूर्ण साधन मात्र हो । परीक्षाबाट प्राप्त तथ्याङ्कका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिन्छ । यस प्रकार परीक्षाको सञ्चालन मूल्याङ्कन कै लागि गरिनु आवश्यक छ । परीक्षा एक प्रकारको मापन भएकोले परीक्षाबाट प्राप्त जानकारीको विश्लेषण र व्याख्या गरी शिक्षण सिकाईका लागि पृष्ठपोषण प्रदान गर्नु र विद्यार्थीको स्तर निर्धारण गर्नु पर्दछ । त्यसकारण परीक्षा मूल्याङ्कनको एउटा महत्वपूर्ण साधन भएकोले प्रश्नपत्र निर्माणदेखि लिएर यसको सञ्चालन , उत्तरपुस्तिका परीक्षण , परीक्षाफल प्रकाशन जस्ता पक्षमा आवश्यक ध्यान दिनु जरुरी छ ।परीक्षा प्रणालीमा सुधार ल्याउनको लागि यसका महत्वपूर्ण पक्षमा निम्न सुझावहरु पेश गरिएको छ ।

सामुदायिक विद्यालयको परीक्षा प्रणालीमा देखिएका समस्याहरुको समाधान गरी यसमा सुधार ल्याउनको लागि नीति निर्माण तहको महत्वपूर्ण भूमिका हुन्छ । राम्रो र स्पष्ट नीति निर्माण भएमा त्यसको कार्यान्वयन पक्ष पनि प्रभावकारी हुन्छ । जसको परिणाम स्वरुप सिंगो परीक्षा प्रणालीमा सुधार गर्न सघाउ पुग्छ । त्यसकारण परीक्षा प्रणालीको सुधारका निम्ति नीति निर्माण तहमा निम्नानुसार सुझावहरु पेश गरिएको छ ।

सामुदायिक विद्यालयको परीक्षा निर्देशिका तयार गरि सम्पूर्ण विद्यालयलाई उपलब्ध गराउनु पर्छ । शिक्षकलाई उपयुक्त प्रश्नपत्र निर्माणका लागि आवश्यक तालिम, प्रशिक्षण, कार्यशाला,सेमिनार सञ्चालन गर्नु पर्दछ । शिक्षकहरुलाई उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण, उत्तरकुञ्जिका निर्माण र प्रयोगका लागि तालिम, गोष्टि, सेमिनार, कार्यशालाको व्यवस्था मिलाउनु पर्दछ । परीक्षा सञ्चालनमा एक रुपता आए नआएको र परीक्षा मर्यादित रुपमा सञ्चालन भए नभएको अनुगमन तथा सुपरिवेक्षणको आवश्यक व्यवस्था मिलाउनु पर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुका साथै देशभर एकै प्रकारको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ । विद्यार्थीको उपलब्धी लेखाजोखाको लागि लिखित परीक्षाका अतिरिक्त मौखिक,प्रयोगात्मक परीक्षा , गृहकार्य,

कक्षा सहभागिता, अभिलेख, उपस्थिति आदि लाई समेत आधार बनाउनु पर्दछ । केही विषयमा अनुतीर्ण हुने विद्यार्थीलाई मौका परीक्षाको व्यवस्था गर्नु पर्दछ । शिक्षकहरुलाई उचित पुरस्कार र दण्डको ब्यवस्था गर्नुपर्छ ।

सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीमा देखिएका कमी कमजोरीहरुलाई ब्यवहारिक रुपमा सुधार गर्नेकार्य कार्यान्वयन तहमा हुन्छ । जतिसुकै राम्रो नीति निर्माण भएपनि कार्यान्वयन पक्ष प्रभावकारी नभएमा नीति निर्माण अर्थविहिन हुन्छ । त्यसकारण कार्यान्वयन तहमा सुधार गर्नसके सिंगो परीक्षा प्रणालीमा सुधार हुने निश्चित छ ।सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीमा देखिएका समस्याहरुको समाधान गरी सुधार गर्न कार्यान्वयन तहका विभिन्न पक्षलाई निम्नानुसार सुझावहरु दिईएको छ ।

प्रश्नपत्र निर्माणका लागि पाठ्यपुस्तकलाई होइन पाठ्यक्रमलाई मूख्य आधार बनाउनुपर्छ । प्रश्नपत्र निर्माण गर्दा विशिष्टिकरण तालिकाको अधिकतम उपयोग गर्नु पर्छ। विषय बस्तुको प्रकृति हेरी लिखित, मौखिक र प्रयोगात्मक सबै प्रकारका परीक्षाका लागि प्रश्नहरु निर्माण गर्नु पर्छ । विषयगत प्रश्नहरु (लामो उत्तर र छोटो उत्तर आउने) तथा वस्तुगत प्रश्नहरु (बहुवैकल्पिक, ठिक वेठिक, जोडा मिलाउने, खालिठाउँ भर्ने ) सबै प्रकारका प्रश्नहरु बनाउनु पर्छ । प्रश्नपत्रहरुमा आवश्यक निर्देशन स्पष्ट उल्लेख गर्नु पर्छ। प्रश्नपत्रहरुमा प्रत्येक प्रश्नको अंकभार प्रष्ट गरिएको हुनुपर्छ । पाठ्यक्रम र विशिष्टिकरण तालिकाको आधारमा ज्ञान,सीप र धारणाको क्षेत्रहरु प्रश्नमा समेटिनु पर्दछ । नमूना प्रश्नपत्रहरु तयार गर्नु पर्दछ । प्रश्नको कठिनाई स्तर मिलेको हुनु पर्दछ । प्रश्न निर्माण गरेपछि आफ्नो शिक्षक साथीलाई देखाउनु पर्दछ । प्रश्नपत्रको गोपनियता कायम राख्नु पर्दछ । उत्तरपुस्तिका परीक्षण गर्नु पूर्व उत्तरकुञ्जिका निर्माण गर्नु पर्दछ । उत्तरपुस्तिका परीक्षणमा हेल्लो इफेक्टबाट मुक्त रहनु पर्दछ । अंक दिने कुरामा एकरुपता कायम हुनुपर्छ। उत्तरपुस्तिका सम्परीक्षणको व्यवस्था मिलाउनु पर्दछ ।

परीक्षामा विद्यार्थीको बसाई व्यवस्था राम्रो बनाउनु पर्दछ जसले गर्दा विद्यार्थीले सार्न र नक्कल गर्न नपाओस् । प्रश्नपत्रको गोपनियता कायम राख्नु पर्दछ । विद्यार्थीको सम्पूर्ण पक्षको मूल्याङ्कनका लगि लिखित परीक्षाको अतिरिक्त मौखिक

र प्रयोगात्मक परीक्षा सञ्चालनको उचित व्यवस्था मिलाउनु पर्दछ । परीक्षा सञ्चालनको लागि उपयुक्त समय , स्थान , साधन आदिको व्यवस्था गर्नु पर्दछ । परीक्षा सुरु हुनुपूर्व प्रश्नपत्रको जाँच र रुजु गर्नु पर्दछ । परीक्षा सञ्चालनका लागि अवश्यक निरिक्षकको व्यवस्था मिलाउनु पर्दछ । परीक्षा नियमित कार्ययोजना बनाएर सञ्चालन गर्नु पर्दछ । उत्तरपुस्तिकाको राम्रो रुजु गर्नु पर्दछ । परीक्षा सञ्चालनका लागि भौतिक वातावरण जस्तै ठाउँको व्यवस्था, उपयुक्त प्रकाश, हावा आवत जावतको व्यवस्था, उपयुक्त तापक्रम मिलेको हुनु पर्दछ । विद्यार्थीको उमेर अनुसारका फर्निचरहरुको व्यवस्था गर्नु पर्दछ । महत्वपूर्ण घटनाहरु जस्तै विश्वकप फूटवल, महानिर्वाचन ,चाडपर्वको समयलाई ध्यान दिएर तिनिहरुले असर नपार्ने गरी परीक्षा सञ्चालन गर्नु पर्दछ । परीक्षा मर्यादित ढंगबाट सञ्चालन गर्नु पर्दछ । परीक्षाफल समयमा प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्दछ । परीक्षाको नतिजा प्रमाणिकरण गरी अभिभावकहरुलाई पठाउने व्यवस्था गर्नु पर्छ ।

विद्यार्थीहरुलाई परीक्षा सम्बन्धी डर त्रासबाट मुक्ति दिन सघाउनु पर्छ । नियमित अध्ययन, दिनचर्या अध्ययन पद्धति आदिका माध्यमबाट परीक्षालाई सहज रुपमा लिनसिकाउनु पर्दछ । कमजोर विषयमा बढि समय र ध्यान दिन उत्प्रेरित गर्नु पर्दछ । प्रश्नहरु हल गर्ने तरिका बारेमा जानकारी दिई अभ्यास गराउनु पर्दछ । परीक्षामा आत्तिनबाट जोगाउनु पर्दछ । निराशाजनक अपेक्षा गर्ने अवस्था आउन दिनु हुँदैन । अत्याधिक अपेक्षा र धेरै अंक ल्याउन दवाव दिनु हुँदैन । परीक्षाफल प्रति नकारात्मक टिका टिप्पणी नगरी सकारात्मक व्याख्या विश्लेषण गरी थप हौसला प्रदान गर्नु पर्दछ ।

सामुदायिक विद्यालयको परीक्षा प्रणालीको सुधारका लागि समय समयमा हुने अनुसन्धानमूलक कार्यले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । परीक्षा प्रणालीलाई समय सापेक्ष र वैज्ञानिक बनाउनुका साथै सम्पूर्ण पक्ष र तहबाट गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा भएका छन् छैनन् भन्ने विषयमा अनुसन्धान गर्नुपर्ने हुन्छ । सामुदनयिक विद्यालयको परीक्षा प्रणालीको विभिन्न पक्षमा न्यून रुपमा अध्ययन भएको भएता पनि यसमा देखिएका समस्याहरुको समाधान गरी सुधार गर्न अनुसन्धान तहका लागि निम्नानुसार सुझावहरु पेश गरिएको छ ।

परीक्षाको प्रभावकारिताको अनुगमन र सुपरिवेक्षणको अवस्था पहिचान गर्नुपर्छ । अनुगमन र सुपरिवेक्षणबाट प्राप्त परीणामको विशलेषण गर्नुपर्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नतीको कार्यानवयन पक्षको पहिचान गर्नुपर्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले सिकाई उपलब्धीमा पारेको प्रभाव पत्ता लगाउनु पर्छ । प्रश्न निर्माण प्रक्रिया र प्रश्नको गोपनियताको अवस्था पहिचान गर्नुपर्छ । प्रश्न निर्माण प्रक्रियामा देखिएका समस्याहरुको समाधानका लागि आवस्यक सुझावहरु दिनुपर्छ । परीक्षा सञ्चालन प्रक्रियाको पहिचान यसका सवल तथा सुधार गर्नुपर्ने पक्षहरुको खोजी गर्नुपर्छ । उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणमा भएका कमिकमजोरीहरुका खोजी गर्नुका साथै सुधारका लागि आवश्यक सुझावहरु दिनुपर्छ । नतिजा प्रकाशन र विश्लेषणको अवस्था पहिचान गर्नुपर्छ । नतिजा विश्लेषणबाट प्राप्त परिणामको असर पत्ता लगाउनु पर्दछ । नतिजा विश्लेषणबाट देखिएका समस्याहरुको समाधानका उपायहरु खोजी गर्नुपर्छ ।

## सन्दर्भ ग्रन्थ

काफ्ले, वासुदेव र साथीहरु (२०६२) *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र साथीहरु (२०६३) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोईराला, लोकनाथ (२०६७) *निरन्तर मुल्याङ्कन प्रणालीले सिकाई उपलब्धिमा पारेको प्रभाव,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

खनाल, पेशल (२०६३) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाईट पब्लिकेशन,

गुरागाँई, विष्णुप्रसाद (२०६७ ) *उदारकक्षोन्नतिले सिकाई उपलब्धिमा पारेको प्रभाव,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

ज.ब.रा., स्वयंप्रकाश र साथीहरु (२०६३) *शैक्षिक मुल्याङ्कन शिक्षामा मापन तथा मुल्याङ्कन,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार , भोटाहिटी ।

ढकाल, जगन्नाथ (२०६२) *उदार कक्षोन्नति तथा बार्षिक परीक्षा प्रणलीको तुलनात्मक अधययन,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

ढुङ्गाना, जीवन कुमार (२०५८)नेपालमा आधारभूत तथा प्राथमिक शिक्षाको विकास , काठमाण्डौं ।

पोखरेल, टिकाराम र साथीहरु (२०६३) *शिक्षामा मापन तथा मुल्याङ्कन,* काठमाण्डौ : स्टुडेण्ट बुक्स पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स ।

पौडेल , देवीप्रसाद (२०६३) *माध्यमिक शिक्षा उतीर्ण परीक्षाको नतिजामा पुनर्योगको व्यवस्था,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६५) *मा.वि प्र.अ. हरुकालागि तालिमपुस्तिका,* काठमाण्डौः शैक्षिक जनशक्ति विकास केन्द्र सानो ठिमी भक्तपुर ।

रेग्मी प्रा.डा.मुरारी प्रसाद (२०६३) *शैक्षिक मनोविज्ञान,* काठमाण्डौ : क्वेष्ट पब्लिकेशन किर्तिपुर

वाग्ले डा.मनप्रसाद (२०६३) *शिक्षाको प्रारम्भिक परिचय,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

वालमैत्री विद्यालय श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२) *शिक्षक प्रशिक्षण पुस्तिका* , शिक्षा विभाग ।

शिक्षक (२०६७) *मासिक पत्रिका पाटनढोका,* काठमाण्डौ :ललितपुर ।

सुबेदी, बुद्धसागर (२०६७) *प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वियन,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

वाग्ले, मनप्रशाद (२०६३), *शिक्षाको आधार,* काठमाडौं : मकालु वुक्स हाउस ।

अधिकारी , तोयानाथ (२०६८) *शिक्षाको परीचय,* विराठनगर: श्याम पुस्तक भण्डार

शर्मा गापीनाथ (२०६९), *नेपालमा शिक्षा आयोगको प्रतिवेदन* ,काठमाडौ , मकालु बुक्स हाउस ।

सेरिड (१९९८) *फर्मेटिभ अनुसन्धान,*काठमाडौं : लेखक

खापुङ , वितणुबहादुर (२०६८) *सामुदायीक विद्यालयको परीक्षा प्रणली,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

खनाल श्रीप्रशाद (२०६५) , *कार्यक्रम मूल्याङ्कन* , काठमाडौं ,जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रीव्यूटर्स ।

न्यौपाने भिमप्रशाद (२०६८) *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीको क्रियान्वायन अवस्था,* स्नात्तकोतर तह, एम .एड अप्रकाशीत शोधपत्र, कीर्तिपुर क्याम्पस, कीर्तिपूर ।

अनुसूची -१

## सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

### प्रधानाध्यापकहरुलाई छलफलका लागि प्रश्नावली

१) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति कहिलेदेखि लागु भएको हो ?

२) निरन्तर मूल्याङ्कन प्रक्रिया कस्तो लाग्यो ?

३) प्रथम र दोश्रो त्रैमासिक परीक्षाका लागि पाठ्याशं सिमा निर्धारण तथा वशिष्टिकरण तालिका निर्माण गरिएको छ, छैन ?

क) गरेको भए कति कति प्रतिशत पाठ्याशंलाई समेटिएको छ ?

ख) छैन भने के को आधारमा प्रश्नहरु निर्माण गन्छि ?

४) उत्तरपुस्िका परीक्षण गर्दा उत्तरकुञ्जिका निर्माण गर्ने व्यवस्था छ। छैन ? गर्ने गरेको भए क-कस्को सहयोग लिने गर्नुहुन्छ ?

५) परीक्षा सञ्चालनलाई कसरी व्यवस्थित गर्ने गर्नु भएको छ ?

६) विद्यार्थीको कुनै कारण परीक्षा छुटेमा के व्यवस्था मिलाउनुहुन्छ ?

७) परीक्षा सञ्चालन भएको कति समयमा परीक्षाफल प्रकाशन गर्ने गर्नु भएको छ ?

८) परीक्षाको नतिजा विवरण अभिभावकहरुलाई उपलब्ध गराउने व्यवस्था छ / छैन ?

९) निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति प्रक्रिया सुरु भएपछि परीक्षा सञ्चालन प्रक्रियामा परिवर्तन गर्नु भएको छ / छैन ?

१०) निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नतिका लागि तालिमको व्यवस्था भएको छ / छैन ?

क) भएको भए कस्तो तालिम भयो ?

११) प्रश्नपत्र निर्माणका लागि प्रधानाध्यापकलाई कुनै समस्या आएको छ / छैन ?

क) छ भने सो समस्यालाई कसरी हल गर्ने गर्नु भएको छ ?

१२) निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नतिको कार्यान्वयनको पक्षमा के कस्ता समस्याहरु आएका छन् ?

क) ती समस्या समाधान गर्न के गर्नु पर्ला ?

१३) शैक्षिक उपलब्धी वृद्धि गर्न के कस्ता उपायहरु अवलम्वन गर्नुपर्ला ?

१४) प्रश्न निर्माण सम्वन्धी तपाईले देखनु भएका मुख्य समस्याहरु के के हुन् ?

१५) ती समस्याहरु समाधान गरी सुधार गर्न के के गर्नु पर्ला ?

१६) उत्तरपुस्तिका परीक्षणमा कुनै समस्या छन् ?

क) भएमा के के छन् ?

ख) ती समस्याहरु समाधान गर्ने उपायहरु के के गर्नु पर्ला ?

१७) विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन कसरी गर्ने व्यवस्था गर्नु भएको छ ?

१८) विद्यालय र समुदायमा निरन्तर मूल्याङ्कन प्रणाली प्रतिको प्रतिक्रिया कस्तो छ ?

अनुसूची -२

## सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

परीक्षा समिति संयोजक एवं सदश्यहरुसंग छलफलका लागि प्रश्नावली

१) स्रोतकेन्द्र स्तरिय परीक्षाकहिले देखि ञ्चिालन भएको हो ?

२) तपाई परीक्षा समितिको संयोजकको रुपमा कहिले देखि कार्यरत हुनुहरनछ ?

३) परीक्षा समितिको पदावधि कति वर्षको छ ?

४) परीक्षा समितिद्वारा एक शैक्षिक सत्रमा कति पटक परीक्षा सञ्चालन गर्नु हुन्छ ?

५) परीक्षा कार्यक्रम कुन प्रक्रियाद्वारा तयार गर्नु हरनछ ?

६) स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालनको लागि प्रश्नपत्र कसले निर्माण गर्छ ?

७) प्रश्न निर्माण कार्य परीक्षा सञ्चालन हुनु भन्दा कति समय अगाडी गर्ने गर्नुभएको छ?

८) प्रश्नपत्रलाई अन्तिम रुप कसरी दिनुहुनछ ?

९) प्रश्न निर्माणका लागि शिक्षकलाई तालिमको कुनै व्यवस्था छ । छैन ?

क) भएमा कस्तो व्यवस्था छ ?

१०) परीक्षा समितिले प्रथम र दोश्रो त्रैमासकि परीक्षाको लागि विशिष्टिकरण तालिका निर्माण गरेको छ । छैन ?

क) छ भने कति कति प्रतिशत पाठ्याशंलाई समेटिएको छ ?

ख) छैन भने प्रश्न निर्माण के आधारमा गराउनु हुन्छ ?

११) स्रोतकेन्द्र स्तरिय परीक्षाको प्रभावकारीता कस्तो रहेको छ ?

१२) वर्तमान परीक्षा सञ्चालन प्रक्रियाबाट उद्देश्य अनुसारको शैक्षिक उपलब्धी मापन गर्न सकिन्छ ?

१३) स्रोतकेन्द्र स्तसिय परीक्षा सञ्चालन प्रक्रियामा के कस्ता समस्याहरु देख्नु भएको छ ?

१४) ती समस्याहरु समाधान गर्न तपाईले दिने सुझावहरु के केहुन् ?

अनुसूची -३

# सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

## शिक्षकहरुका लागि प्रश्नावली

१) विद्यालयले आफै सञ्चालन गरेको परीक्षा र स्रोतकेन्द्र स्तरिय परीक्षमा के अन्तर रहेको छ ?

२) विद्यालयमा आफैले तयार गरेको प्रश्न र स्रोतकेन्द्र स्तरिय प्रश्नमा के अन्तर पाउनु भयो ?

३) प्रश्नपत्र निर्माणका लागि कुनै तालिम लिनु भएको छ ?

४) स्रोतकेन्द्र स्तरिय परीक्षा सञ्चालन हुन थालेपछि तपाईलाई कस्तो महसुस भएको छ ?

५) तपाईले स्रोतकेन्द्र स्तरिय परीक्षका प्रश्नपत्र निर्माण गर्ने गर्नु भएको छ ?

क) छ भने तपाईले प्रश्न निर्माण गर्दा सबै भन्दा बढि केलाई आधार बनाउनु हुन्छ ?

६) तपाईले लिनु भएको तालिमले प्रश्न निर्माण प्रक्रिया र विद्यार्थीको शैक्षिक उपलब्धीमा कस्तो प्रभाव पारेको छ ?

७) उत्तरपुस्तिका परीक्षणको लागि उत्तरकुञ्जिका निर्माण गर्ने गर्नु भएको छ ?

८) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था कस्तो छ ?

९) तपाईलाई निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्दा के कस्ता समस्या आएका छन् ?

१०) ती समस्याहरुको समाधान कसको सहयोगमा कसरी समाधान गर्दै हुनुहुन्छ ?

११) विद्यार्थी र अभिभावकको निरन्तर मूल्याङ्कन प्रणाली प्रति कस्तो धारणा छ ?

१२) तपाईले गरेको निरन्तर मूल्याङ्कन फारामको अनुगमन निरिक्षण हुने गरेको छ ?

क) छ भने कसबाट हुने गरेको छ ?

ख) कस्तो पृष्ठपोषण पाउनु भएको छ ?

१३) पाठ्यक्रम र विशिष्टिकरण तालिका अनुसार प्रश्न निर्माण गर्दा कस्तो हुन्छ ?

१४) विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि गर्न के गर्नु गर्ला ?

अनुसूची -४

## सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

स्रोतब्यक्तिका लागि प्रश्नावली

१) स्रोतकेन्द्र स्तरिय परीक्षा कसरी सुरु भयो ?

२) विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था पत्ता लगाउन अनुगमन गर्ने गर्नु भएको छ ?

क) गर्नु भएको भए कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

३) प्राथमिक तहमा निरन्तरमूल्याङ्कन प्रणालीले शैक्षिक उपलब्धीमा कस्तो परिवर्तन ल्याएको छ?

४) निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनको लागि स्रोतकेन्द्र स्तरमा क-कसलाई तालिम दिने व्यववस्था छ ?

५) निरन्तर मूल्याङ्कन प्रणालीले शैक्षिक उपलब्धीमा कस्तो प्रभाव पारेको छ ?

६) निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाईमा कस्तो प्रभाव पारेको छ ?

७) स्रोतकेन्द्र स्तरिय परीक्षा सञ्चालनमा प्र.अ.हरुको भूमिका कस्तो पाउनु भएको छ ?

८) स्रोतकेन्द्र स्तरिय परीक्षा सञ्चालनमा शिक्षकहरुको सहयोग कस्तो रहेको छ ?

९) स्रोतकेन्द्र स्तरिय परीक्षा सञ्चालनमा तपाईको भूमिका के ररहेको छ ?

१०) वर्तमान परीक्षा प्रणलीमा के कस्ता समस्याहरु रहेका छन् ?

११) वर्तमान परीक्षा प्रणलीमा सुधार ल्याउन अपनाउनु पर्ने उपायहरु के के होलान् ?

१२) वर्तमान परीक्षा प्रणलीको सुधारका लागि तपाईको भूमिका के होला ?

अनुसूची -५

## सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

### ओखे स्रोतकेन्द्र स्तरिय परीक्षा समिति

१. संयोजक : श्री तोयानाथ भट्टराई श्री भगवती उ.मा.वि. ओखे
२. सदस्य : श्री कुलबहादुर बस्नेत श्री मच्छिन्द्र.मा.वि. सुदाप
३. सदस्य : श्री दलबहादुर कार्की श्री शारदा नि.मा.वि. ओखे
४. सदस्य : श्री इन्द्रबहादुर बस्नेत श्री भारती न.मा.वि. ओखे
५. सदस्य : श्री घमण्डबहादुर पौडेल श्री जनकल्याण नि..मा.वि. सुदाप
६. सदस्य : श्री डम्बरबहादुर बुढाथोकी श्री भगवती प्रा.वि. ओखे
७. सदस्य : श्री रुद्रबहादुर खुलाल श्री सिंहबाहिनी प्रा.वि. सुदाप

### प्रश्नपत्र निर्माण समिति (स्रोतकेन्द्र ओखे)

१. संयोजक : श्री वुद्धिमान खुलाल श्री जनकल्याण नि..मा.वि. सुदाप
२. सदस्य : श्री पुन्यप्रसाद ढकाल श्री देउराली प्रा.वि.ओखे
३. सदस्य : श्री ढुण्डीप्रसाद ढकाल श्री भगवती उ.मा.वि. ओखे
४. सदस्य : श्री दुर्गबहादुर खुलाल श्री निशान प्रा.वि. ओखे
५. सदस्य : श्री भवानी कटवाल श्री मच्छिन्द्र.मा.वि. सुदाप

अनुसूची -६

## सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीको अवस्था

## लक्षित समूह छलफल निर्देशिका

१.प्रश्नपत्र निमार्ण ।

२.परीक्षा सञ्चालन

३.अङ्कन प्रक्रिया

४.उत्तरपुस्तीका संकलन र वितरण

५.उत्तर पुस्तिका परीक्षण र सम्परीक्षण

६.लब्धाङ्क फारम निमार्ण

७.प्राप्ताङ्क विश्लेषण तथा मूल्याङ्कन